जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक ३, २०७७ साल साउन २३ गते शुक्रबार, नेपाल संवत् ११४० (August. 7, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

### भारतले नेपालबाट कति रेमिट्यान्स लान्छ ?

काठमाडौं । भारत नेपालीहरूको रोजगारीका लागि सहज मुलुक हो । खुला सीमा भएका कारण नेपालीहरू भारतमा रोजगारीका लागि जान्छन् भने भारतीयहरू यहाँ आउँछन् । दुवै देशका नागरिकलाई आवतजावत गर्न 'वर्कपरमिट' चाहिँदैन । भारतमा कति नेपाली कामदारहअरु छन्, त्यसको तथ्यांक सरकारसँग छैन । न त नेपालमा कति भारतीयहरू छन् त्यसको तथ्यांक नै सरकारसँग छ । २०६८ को जनगणना अनुसार १९ लाख २० हजार नेपाली देश बाहिर छन् । **बाँकी ८ पेजमा**

### नेपालीको टाउकोमा ऋण भार

काठमाडौं । नेपाल सरकारको ऋण दायित्व पौने १३ खर्ब रुपैयाँ पुगेको छ । सरकारको असार मसान्तसम्ममा आन्तरिक ऋण ६ खर्ब ६७ अर्ब रुपैयाँ र बाह्य ऋण ६ खर्ब १४ अर्ब रुपैयाँ पुगेको हो । सरकारले गत आर्थिक वर्षसम्म प्राप्त ऋण तथा भुक्तानी गरेको साँवा समेत हिसाब गर्दा तिर्न बाँकी कुल ऋण १२ खर्ब ८१ अर्ब रुपैयाँ पुगेको छ ।

तथ्यांक विभागका अनुसार अहिले नेपालको जनसंख्या ३ करोड ३८ हजार पुगेको छ । **बाँकी ८ पेजमा**

# नयाँ युगमा प्रवेश गर्दै नेपाल–चीन सम्बन्ध

**सम्पादकीय डेस्क**






नेपाल र उत्तरी छिमेकी मुलुक चीनबीच कूटनीतिक सम्बन्ध कायम भएको ६५ वर्ष पुगेको छ । सन् १९५५ अगस्ट १ मा नेपाल र चीनबीच दौत्य सम्बन्ध कायम भएको हो । तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको पालामा कायम भएको दुई देशबीचको दौत्य सम्बन्धमा अहिलेसम्म कुनै खटपटी आएको छैन । पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्र संघको बडापत्र र असंलग्नता नेपालको परराष्ट्र नीतिका आधारस्तम्भ हुन् । इतिहासमा बेत्रावती सन्धि र चिनियाँ सेनाले एक नेपाली सेनालाई उत्तर सीमामा गोली हानी हत्या गरेको कटु घटनाबाहेक नेपाल चीन सम्बन्धमा कुनै उतारचढाव आएको पाइँदैन । नेपालको आर्थिक एवं पूर्वाधार विकासमा चीनले दिल खुला गरेर सहयोग गरिरहेको छ ।

कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै चीनले आफ्नो परराष्ट्र नीतिमा नेपाललाई महत्व दिँदै आएको छ । बाह्य हस्तक्षेपबिना नेपालले स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गरे आफ्नो सुरक्षा चासो सम्बोधन हुने चिनियाँ बुझाइ त्यसबेलादेखि रहँदै आएको छ । तर स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्न नेपाल आार्थिक रुपमा सबल हुनु आवश्यक छ भन्ने चीनको ठहर छ । सन् १९५७ मा नेपाल भ्रमणमा आएका चिनियाँ प्रधानमन्त्री चाउएनलाईले आर्थिक विकास निर्माणको पूर्ण राष्ट्रिय स्वतन्त्रता रक्षाको एक अत्यावश्यक साधन भएको बताउँदै चीनले सकेसम्म नेपाललाई सहयोग गर्ने प्रतिबद्धता प्रकट गरेका थिए ।

नेपाल चिनियाँ आर्थिक सहायता प्राप्त गर्ने सुरुका चार देशमध्ये एक हो । एक अध्ययन अनुसार १९५६ देखि १९७३ चिनियाँ आर्थिक सहायता प्राप्त गर्ने ४६ देशमध्ये नेपाल एघारौं ठूलो सहयोग पाउने मुलुकमध्ये रह्यो जुन प्रतिव्यक्ति सहायताको दृष्टिकोणबाट शीर्ष देशहरूमध्ये एक मानिन्छ । त्यसै अवधिमा चिनियाँ उच्च अनुदान सहायता प्राप्त गर्ने राष्ट्र नेपाल थियो । आफैं गरिबी र अल्पविकासको सामना गरिरहेको चीनले नेपालको आर्थिक विकासप्रति देखाएको इच्छा र सहकार्यले चीनले नेपालसँगको सम्बन्ध र मित्रतालाई महत्व दिएको देखाउँछ । आर्थिक सहयोगबाहेक भारतबाट ठूलो दबाबको सामना गर्न परेका बेला चीनले धेरैपटक नेपालका लागि राजनीतिक र कूटनीतिक समर्थन पनि गर्दै आएको छ ।

हाल विश्व राजनीतिमा बढ्दै गएको चिनियाँ प्रभाव अनि चीनको उदयलाई रोक्न लागिपरेका अमेरिका लगायतका पश्चिमी शक्तिहरूको परिप्रेक्ष्यमा चीनलाई नेपालको महत्व अझ बढ्दै गएको छ । बाह्य शक्तिहरूले आफ्नो समाजलाई अस्थिर तुल्याउन सक्ने सम्भावनाप्रति चीन सतर्क छ । यस्तो परस्थितिमा आफ्नो संवेदनशील भूमिसँग सीमा जोडिएको नेपाल चीनको सुरक्षाका लागि अति महत्वपूर्ण छ । चीनले तिब्बत लगायत पश्चिमी क्षेत्रको आर्थिक विकासलाई सघाउन निम्ति सन् २००० मा पश्चिमतर्फ रणनीति अघि सारेको थियो । तिब्बतको सबभन्दा ठूलो व्यापार साझेदार भएकाले तिब्बतको अर्थतन्त्रमा नेपालको ठूलो भूमिका रहेको छ । अर्कोतर्फ नेपालका विभिन्न क्षेत्रमा लगानी गरेर तिब्बती उत्पादन, उद्यमहरू विकास गर्नेतर्फ चीन उत्सुक देखिन्छ । यही सन्दर्भमा एक्काइसौं शताब्दीको सुरुबाटै चीन नेपालमा अझ बढी सक्रियताका साथ संलग्न भएको छ । नेपालसँगको सम्बन्धलाई आफ्नो सौहार्दपूर्ण समाज निर्माण नीतिको अभिन्न अंगका रुपमा मानेको छ ।

नेपाल विकासको प्रारम्भिक चरणमा छ । यस चरणमा पूर्वाधार विकास सबभन्दा प्रधान हुन्छ । नेपालको आजको प्रमुख जोड वैदेशिक लगानी तथा आन्तरिक बचत वृद्धि गरी लगानी वृद्धिका साथै पुँजी तथा श्रमको अनुपात बढाइ उच्चतम स्थिर अवस्थामा पुऱ्याउनु हो । यसका लागि आर्थिक गतिविधि तीव्रतर चलायमान हुन आवश्यक छ । नेपालको हालको कुल गार्हस्थ उत्पादन करिब २८ विलियन अमेरिकी डलर छ । संसारभरिको जीडीपीसँगको आकारसँग तुलना गर्दा सय नम्बरभन्दा पछाडि देखिन्छ । प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजारदेखि १ हजार १ सय डलरको बीचमा छ । विश्व बैंकका अनुसार नेपाललाई आगामी दश वर्षका लागि प्रत्येक वर्ष कुल गार्हस्थ्य उत्पादनको कुल दश पन्ध्र प्रतिशत रकम पूर्वाधार निर्माणमा खर्च गर्नुपर्ने हुन्छ । नेपालको प्रतिव्यक्ति आम्दानी **बाँकी ८ पेजमा**

## फुटको संघारमा नेकपा

■ **घनश्याम ओली**



काठमाडौं । एक वर्षअघि तत्कालीन एमाले र माओवादी केन्द्रबीचको एकतापछि बनेको सत्तारुढ दल नेकपा यतिबेला विभाजनको संघारमा आइपुगेको छ । पार्टीभित्रको संघर्ष उत्कर्षमा पुगेका बेला अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेता माधव नेपाल समूहले छुट्टै पत्रकार सम्मेलन गरी प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई सच्याउने कोसिस असफल भएको निष्कर्ष सुनाएपछि नेकपामा धाँजा फाटेको प्रस्ट देखिएको छ । दाहाल-नेपाल समूहले अब ओलीको भूमिका बदल्ने मात्रै विकल्प बाँकी रहेको भन्दै पार्टी विभाजनको खतरा आउनेतर्फ संकेत गरेका छन् ।

पत्रकार सम्मेलनमा अध्यक्ष प्रचण्डले भने- हामी सधैं राम्रोभन्दा राम्रो परिस्थिति तयार गर्न लागिरहनुपर्छ । तर कम्युनिस्टहरू खराबभन्दा खराब परिस्थितिका लागि पनि तयार चाहिँ हुनुपर्छ । उनले विभाजनको खराब अवस्थासमेत आउने संकेत गर्दै अगाडि बताए- 'वर्ग संघर्ष, समाज विकास र प्रकृतिको नियमअनुसार पनि अहिले कोरोना आउला अनि संसारभर यस्तो समस्या र संरचना पैदा गर्ला भन्ने कुरा चार महिना अघिसम्म थाहा थिएन, सोचिएको पनि थिएन । पार्टीमा पनि यस्तो हुन सक्छ ।'

उनले अन्तरसंघर्ष सुखद र दुःखद दुवै तरिकाले टुंगिन सक्ने बताउँदै त्यसका लागि नेता कार्यकर्ता मानसिक रुपमा तयार हुनुपर्ने समेत **बाँकी ८ पेजमा**

## शान्ति तथा मैत्री सन्धिको सात दशक

■ **तेजेन्द्र प्रसाईं**



नेपाल र भारतबीच शान्ति तथा मैत्री सन्धि भएको सत्तरी वर्ष पुगेको छ । नेपाल र भारतबीच कुनै युद्ध नै नभएको अवस्थामा शान्ति तथा मैत्री सन्धि हुनु आफैंमा आपत्तिजनक विषय हो । शान्ति तथा मैत्री सन्धि युद्धरत राष्ट्रहरूले युद्ध विसर्जन गर्दा मात्र गर्ने गर्छन् । तर अंग्रेज उपनिवेशवादको विरासत बोकेको तत्कालीन नेहरू सरकारले नेपाललाई आफ्नो अर्धउपनिवेश बनाउन यो सन्धिको हत्खण्डा अपनाएको बुझ्न सकिन्छ । सन्धि भएदेखि नै यसको विरोध हुँदै आएको हो । खासगरी नेपालका वामपन्थी दलहरूले नेपाललाई आफ्नो अर्धउपनिवेश बनाउन भारतले बलजफ्ती यो सन्धि गराएको र यसले नेपाललाई पूर्णतः भारतवेष्ठित बनाएको भन्दै विरोध गर्दै आइरहे । अहिले कम्युनिस्ट नेतृत्वकै दुईतिहाई बहुमतको शक्तिशाली सरकार छ, कुनै बेला सत्तासीन यही नेकपाले शान्ति तथा मैत्री सन्धिको विरोध गर्दै राष्ट्रवादको वकालत गर्थ्यो । तर अहिले यो अपमानजनक सन्धिका विषयमा सत्तासीन दल तँचुप मैचुप बसिरहेको छ । समयअनुकूल यस सन्धिलाई पुनरावलोकन गर्नुपर्ने वा खारेज नै गर्नुपर्ने तर्कहरू बौद्धिक जमातमा उठिरहेकै छ ।

अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले वि.सं. २००५ वैशाख १८ गते नेपालको सत्ता सम्हालेका थिए । त्यसबेला नेपालमा प्रजातन्त्रको आवाज उठिरहेको थियो । वि.सं. १९९७ सालमा गंगालाल, दशरथ चन्द, शुक्रराज शास्त्री र धर्मभक्त माथेमाको **बाँकी ८ पेजमा**

## भारत-पाक नक्सा युद्ध



काठमाडौं । जम्मु-कस्मिरलाई बाँकी भारतसँग जोड्ने धारा ३७० खारेज गरिएको अगस्ट ५ का दिन एक वर्ष पुगेको छ । नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टीको सरकारले कस्मिरले उपभोग गर्दै आएको विशेषाधिकार संविधानतः खोसेपछि कस्मिरमा विकसित विस्फोटक तनाव र भारत पाकिस्तान सम्बन्धमा विश्वै ध्यानाकृष्ट भइरहेको छ । कात्तिक १६ गते भारतले नयाँ राजनीतिक एवं प्रशासनिक नक्सा जारी गर्दै पाकिस्तानको आजाद कस्मिर नेपालको लिम्पियाधुरा कालापानी समेतमा आफ्नो सम्प्रभूताको दाबी **बाँकी ८ पेजमा**

## कसरी सल्कियो प्रहरीमा कोरोना

काठमाडौं । कोरोनाको प्रभाव सबैतिर परिसकेको छ । चिकित्सक, पत्रकार, प्रहरी, कर्मचारी सबैतिर कोरोना फैलिएको छ । प्रहरीमा भने कोरोनाले आतंकित बनाएको छ । विभिन्न ठाउँमा फिल्डमा खटिने प्रहरीलाई फाट्टफुट्ट संक्रमण देखिएकोमा केही समय अगाडि कालीमाटी वृत्तका प्रहरीहरू संक्रमित बनेका थिए । अहिले आएर प्रहरी प्रधान कार्यालयमा कार्यरत ७५ जना प्रहरी संक्रमित भएको खबरले सिंगो प्रहरी प्रशासन आतंकित बन्न पुगेको छ । प्रहरी प्रधान कार्यालय अहिले सिल गरेको अवस्थामा छ भने प्रधान कार्यालयका प्रहरीलाई गृह मन्त्रालय प्रवेशमा समेत रोक लगाइएको छ ।

प्रहरी प्रवक्ता एसएसपी कुवेर कठायतका अनुसार देशभर दुई सय उनानसय जना प्रहरीमा कोरोना संक्रमण देखिएको छ । प्रहरीमा फैलिएको संक्रमण नरोकिएमा भविष्यमा प्रहरी सेवा प्रवाहमा **बाँकी ८ पेजमा**

## बिचौलिया प्रेमी प्रधानमन्त्री

■ **रामशरण रिमाल**

'म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न' प्रधानमन्त्री केपी ओलीले यो भनाइ प्रायः दोहोऱ्याइरहन्छन् । प्रधानमन्त्री साँच्चीकै भ्रष्टाचार विरोधी होलान् भन्ने भ्रम पनि कतिपयलाई परेको हुनुपर्छ । तर सरकारको भ्रष्टाचारीलाई प्रोत्साहित गर्ने नांगो क्रियाकलापले प्रधानमन्त्रीको उद्गार केवल देखावटी मात्र रहेको स्पष्ट हुन्छ भने प्रधानमन्त्री भ्रष्टाचार विरोधी हुन् भन्ने कुरा केवल भ्रम मात्र रहेको छर्लंग हुन्छ ।

यो सरकार खतरा स्टण्डबाजी देखिएको छ । महिना, दुई महिनाको फरकमा ठूलठूला स्टण्ड गरेर चर्चामा आइरहन्छ । झन्डै ६ अर्बको चर्चित वाइडबडी खरिद काण्डमा गरेको स्टण्डबाजीले ठूलो चर्चा कमाएको थियो । आठराई इवाको पराले झुपडीमा हुर्किएर रामनाथ दाहालसँग कम्युनिस्ट राजनीतिको कखरा सिकेका र आफ्ना कुनै सन्तान नभएको जनतालाई नै सन्तान मान्दै आएका ओलीले ६ अर्बको घोटाला गरेको कुरा पत्याउनै नसकिने खालको थियो । तर श्रृंखलाबद्ध रुपमा भ्रष्टाचारका केसहरू उदांगो बन्दै जानु र सबैभन्दा ठूला प्रमका विश्वासपात्र गोकुल बाँस्कोटाको सेक्युरिटी प्रेस खरिद काण्डमा पौने अर्ब घूस मागेको अडियोटेप बाहिरिनुले ओलीको पैसा प्रेमको चुरो मरेको रहेनछ भन्ने स्पष्ट हुन्छ ।

प्रधानमन्त्री केपी ओलीको प्रत्यक्ष निर्देशनमा यति समूहलाई नेपाल ट्रष्टमा रहेको राजा वीरेन्द्रको सम्पत्ति अपारदर्शी ढंगले बिना प्रतिस्पर्धा जिम्मा लगाउने प्रकरणले सरकारको छविमा गम्भीर प्रश्न चिन्ह खडा गरेको थियो । अझै यो प्रकरण सेलाएको छैन । ओम्नी ग्रुपले औषधि खरिद गर्दा देखिएको करोडौं भ्रष्टाचार र ओलीका अर्का प्रियपात्र स्वास्थ्यमन्त्री भानुभक्त ढकालको प्रत्यक्ष संलग्नताप्रति आँखा चिम्लिएर प्रधानमन्त्रीले धृष्तराष्ट्र **बाँकी ८ पेजमा**

## मेलेम्चीहरू समयमा किन बन्दैनन् ?

**समय-सन्दर्भ**

**पूर्ण ओली**
**(अप्रामसे)**



नेपालका कुनै पनि आयोजनाहरू समयमा पूरा हुँदैनन् । यसमा कतिपय भवितव्य परेर या भूकम्प, नाकाबन्दी जस्ता कारणबाट भए पनि धेरैजसो सम्बन्धित विभागमा उच्च ओहादामा रहेका कर्मचारी तथा मन्त्रीको मिलेमतोले गर्दा यस्ता योजनाहरू ढिला गरिन्छन् । जसको प्रमुख कारणमा यसको मूल्य वृद्धि गरी कमिसन खानु नै मुख्य ध्येय देखिन्छ ।

कुलेखाने आयोजना पहिलो र दोस्रो समयमा बने पनि तेस्रो आयोजना जुन हेटौंडा र भैंसेको बीचमा अवस्थित १५ मेघावाटको आयोजना तोकिएको समयभन्दा दशौं वर्षपछि मात्र समाप्त गरियो । जसबाट ठेकेदार, योजना प्रमुख, सचिव र मन्त्रीले प्रसस्तै लाभ उठाए । नत्र उक्त आयोजना बारम्बार समय थपेर ढिला हुनुपर्ने ठोस कारण देखिँदैन ।

यस्ता आयोजना धेरै हुन सक्छन् । त्यस्तै गरेर मेलेम्चीको खानेपानी आयोजना जुन वर्षौंदेखि उपत्यकाबासीको अत्यन्त महत्वपूर्ण आयोजना हो अहिलेसम्म पूरा हुन सकेको छैन ।

बहुदलीय व्यवस्था आउनासाथ १६।१७ वर्षअघि नै चिनियाँ ठेकेदारबाट काम सुरु भइसकेको मेलेम्ची आयोजना तात्कालिक अर्थमन्त्री रामशरण महतको कारण रोकिएको कुरा सम्बन्धित

मन्त्रालयका एकजना सचिबबाट जानकारी प्राप्त भएको थियो । शायद त्यतिखेर चिनियाँ ठेकेदारले काम अघि बढाउन पाएको भए अहिलेको मन्त्री बीना मगरको कार्यकालसम्म आइपुग्दैन थियो ।

अमेरिकाको प्रमुख सहयोगमा स्थापना भएको वर्ल्ड बैंकमा काम गरेका व्यक्ति प्रायः अमेरिकन लविमा काम गर्ने गर्छन् भन्ने कुरा बाहिर आएका छन् जसले चिनियाहरूलाई उनीहरूका योजनाहरू भरसक छिर्न दिँदैनन् । उनै रामशरण महत नेपाली काँग्रेसका प्रधानमन्त्री गिरिजाप्रसादको पालामा योजना आयोगमा उपाध्यक्ष थिए । उनैको सल्लाहअनुसार छिमेकी राष्ट्र चीनको सहयोगमा सुरु भएका अत्यन्त उपयोगी उद्योग जुन नेपाली कच्चापदार्थमा निर्भर थिए, बाँसबारी छालाजुत्ता कारखाना, हरिसिद्धी इँटा टायल कारखाना, गैंडाकोटको कागज कारखाना, **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**सम्पादन सहयोगी**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# शून्य नम्बरको सीमा पिलर नराख्दा भारतले नेपाली भूमि मिच्यो








**सुरेन्द्र ढकाल**

अक्टोबर ५, १९६१ मा भएको नेपाल चीन सीमा सम्झौताअनुरुप नेपाल चीन सीमाको पश्चिम अन्तिम विन्दु लिम्पियाधुरा कायम गरी शून्य नम्बरको सीमास्तम्भ त्यहाँ गाड्नुपर्ने थियो । सो कार्य नगरी टिंकरमा आएर १ नम्बरको सीमास्तम्भ राख्नुले गर्दा भारतले नेपाल आफ्नो भूमिप्रति संवेदन नभएको मौका छोपी टिंकरदेखि लिम्पियाधुरासम्मको भूभागलाई आफ्नो भूभाग भनी दाबी गरेको हो ।

ऐतिहासिक प्रमाण, नक्सा, तिरोको रसिदजस्ता अकाट्य प्रमाण हुँदाहुँदै नेपाल र चीनलाई किन लिम्पियाधुरामा शून्य नम्बरको स्तम्भ नराखी टिंकरमा आएर १ नम्बरको सीमास्तम्भ राख्नुपर्ने बाध्यता पर्‍यो । त्यसको जवाफ अहिलेसम्म कसैले दिन सकेको छैन । नेपाल चीन सीमा सम्झौता लगत्तै भएको चीन भारत युद्धताका चिनियाँ सैनिकले भारतीय सेनालाई लखेट्ने क्रममा भारतीय सेनाले कालापानीलाई रणनीतिक महत्वको ठान्यो । लिपुलेकबाट चिनियाँ सैनिकको क्रियाकलापलाई निगरानी गर्न सकिने देखेर नेपाली भूमिमा उनीहरूले लुकेर बसे । कालान्तरमा स्थायी डेरा जमाए । फलस्वरुप नेपाली भूमि भारतीयहरूको हातमा पर्न गयो । त्यति मात्रै होइन नेपाली पक्षले आफ्नो नक्सामा लिम्पियाधुरासम्म पुगेको पश्चिमी चुच्चो निरन्तर नदेखाउँदा भारतलाई नेपाली भूमि खाने बलियो आधार बन्यो ।

अहिले आएर नेपालले आफ्नो संविधान संशोधन गरी जारी गरेको नयाँ नक्सामा लिम्पियाधुरासम्मको चुच्चो देखाइएको छ । सोअनुरुप त्यहाँ रहने नेपाल-चीन सीमामा चीन र नेपालको संयुक्त सैनिक टोली गई शून्य नम्बरको सीमा स्तम्भ तुरुन्तै गाड्नुपर्दछ । सो कार्य गर्न सकेको खण्डमा मात्रै भारतले मिचेको टिंकर र लिम्पियाधुराबीचको भूभाग भारतसँग फिर्ता लिने प्रक्रियाको शुरुवात हुन्छ । होइन भने त्यस मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्दा नेपाल-चीनले आफ्नो सीमाको पश्चिम अन्तिम विन्दु सीमा स्तम्भ किन नराखेको त भन्ने प्रश्न उठ्न सक्छ ।

अहिले एकातर्फ नेपाल-चीन सम्बन्ध निकै राम्रो अवस्थामा छ भने अर्कोतर्फ भारत-चीनबीच लद्दाखमा राम्रै मुठभेड भएर सैनिक हताहति भएको अवस्था छ । यस अवस्थामा नेपाल र चीनले तुरुन्तै लिम्पियाधुरामा शून्य नम्बरको स्तम्भ राखी त्यसको सुरक्षाको लागि नेपाल-चीन संयुक्त सेना राख्नुपर्ने अत्यावश्यक छ । सो भएको खण्डमा नेपाली सैनिकलाई लगाएर नेपालबाटै लिम्पियाधुरासम्म पुग्ने गोरेटो, घोडेटो वा ग्राभेल सडक के बनाउन सकिन्छ सोको तुरुन्तै थालनी गर्नुपर्दछ । यदि भारतसँग भूमि फिर्ता लिने हो भने । होइन भने काठमाडौंमा बसेर नारा लगाएर मात्रै भूमि फिर्ता हुँदैन । भारतले भर्खरै आदेश जारी गरी कालापानी क्षेत्रमा नेपालीलाई प्रवेश रोक लगाएको छ भने त्यसको लिखित प्रतिकार स्थानीय प्रमुख जिल्ला अधिकारीले राम्रै गरिसकेका छन् । यस परिपेक्ष्यमा परराष्ट्र मन्त्रालय तातेर चीनसँग कुरा गरी लिम्पियाधुरामा शून्य नम्बरको स्तम्भ राख्ने कार्य गर्नुपर्दछ अनि मात्रै भारतलाई गतिलो जवाफ हुन्छ र भूमि फिर्ता लिने अभियानले सफलता पाउँछ ।

## सम्पादकीय

# ३७२ वर्गकिलोमिटर भूमि अतिक्रमण

काठमाडौं । लिम्पियाधुरादेखि लिपुलेकसम्मको ३७२ वर्गकिलोमिटर क्षेत्र अतिक्रमण गरेर भारतले आफ्नो नक्सा मात्र सार्वजनिक गरेको छैन । सडक बनाएर उद्घाटन पनि गरेको छ । अतिक्रमित यो क्षेत्र भक्तपुर जिल्लाभन्दा तीन गुणा बढी हो । भक्तपुर एक सय १९ वर्गकिलोमिटर छ ।

सन् १९६० मा चीनसँग युद्धको दौरानमा भारत काली तरेर नेपाली भूमि अतिक्रमण गर्दै अघि बढ्यो । अतिक्रमण गर्दै भारतीयहरू लिपुलेक आए र त्यहाँबाट बग्ने खोल्सालाई कालीनदी भनेर एकतर्फी रूपमा घोषणा गरे । यसरी लिम्पियाधुरादेखि लिपुलेकसम्मको ३१० वर्गकिलोमिटर क्षेत्र भारतले कब्जा मात्रै गरेन, नेपाली भूमि कालापानीमा भारतीय फौज बंकरसहित तैनाथ गरियो ।

सन् १८१६ को सुगौली सन्धिको धारा ५ अनुसार लिम्पियाधुरा कालीनदीको मुहान हो । र कालीनदी नै नेपाल भारत सिमाना हो । त्यसयता ४४ वर्षसम्म लिम्पियाधुरा नै कालीनदीको मुहानको रूपमा निर्विवाद थियो । वि.सं. २०१८ मा लिम्पियाधुरा क्षेत्रको गुन्जी, गर्ब्याङ र नाभी गाउँमा नेपालले जनगणना गराएको थियो । नेपाल सरकारका तत्कालीन जोनल अफिसर भैरव रिसाल (वरिष्ठ पत्रकार) ले सो क्षेत्रको जनगणना गराएका थिए ।

कालापानीमा भारतको इन्डो तिबतियन बोर्डर पुलिस (आइटिबीपी) तैनाथ गरेपछि पनि भारत थामिएन । त्यसपछि थप ६२ वर्गकिलोमिटर पूर्व आइसकेको छ । दार्चुलाको ब्यास गाउँमा रहेको लिपुलेक भन्ज्याङ तिब्बतको पुराङ र भारतको उत्तराखण्ड जोड्ने भूभाग हो । कैलाश मानसरोवर जाने भारतीयका लागि यो सबैभन्दा छोटो बाटो हो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी चीन भ्रमणमा गएका बेला १५ मे ०१५ मा भएको सम्झौताअनुसार तीनवटा नाका सुदृढ गर्ने भनिएको थियो । चीन र भारतबीच आवतजावतका लागि सम्झौता भएकामध्ये हिमाञ्चलको सिप्की ला, सिक्किमको नाथुलाभन्दा लिपुलेक सहज छ । लिपुलेकलाई भारत र चीनका बोर्डर सुरक्षा अधिकारीहरूको 'मिटिङ प्वाइन्ट' का रूपमा विकसित गरिएको छ । यस्तै प्वाइन्ट लद्दाखको चुमुल, अरूणाचलको बुमला र सिक्किमको नाथुला पनि छन् ।

लिपुलेक चिनियाँ भूमिभन्दा उचाइमा छ । तर ठूलो पहाड उक्लेर जानुपर्ने भएकाले सहज छैन । भारतको उत्तराखण्डबाट तिब्बत जोड्ने दर्मापासताका पनि छ । तर ठूलो पहाड उक्लेर जानुपर्ने भएकाले गाह्रो छ । त्यसैले रणनीतिक हिसाबले भारतले लिपुलेकमा कब्जा जमाएको हो । नेपालको अनुपस्थितिमा लिपुलेकलाई त्रिदेशीय बिन्दु मान्ने विषयमा भारत र चीन सहमत भएकाले नेपाल भारतबीचको सीमा अतिक्रमण द्विपक्षीय मात्र रहेको छैन । चीनसँग पनि नेपालको अन्तर्राष्ट्रिय सीमा समस्यासहित आधिकारिक ऐतिहासिक दस्तावेज उपलब्ध गराएर सहयोगका लागि छलफल गर्न जरूरी छ । नेपाल भारत सीमा समस्या सुल्झाउनुपर्ने चीनको सुझावले मात्र लिपुलेक प्रकरणमा चीन उम्कन सक्दैन ।

भारतको उत्तराखण्डको पिथौरागढबाट धार्चुला हुँदै गर्ब्याङ, गुन्जी हुँदै लिपुलेकसम्म भारतले मोटरबाटो विस्तार गरेको छ । तर लिपुलेकबाट तिब्बतको ताक्लाकोट गाडीमा पौने घन्टामै पुगिन्छ । नेपालको सार्वभौम सम्मानलाई सन् २०१५ अघि पनि चीन र भारतले बेवास्ता गर्दै आएका थिए । सन् १९५४ मा भएको भारत र तिब्बतबीच व्यापार तथा आवतजावतसम्बन्धी सम्झौतादेखि नै नेपाल ठगिएको हो । ६५ वर्षअघि भएको त्यो सम्झौताको दफा ४ मा सिप्किला मानापास, कुँग्री, बिंग्री पास, दर्मापास र लिपुलेक भन्ज्याङलाई भारत र चीनका नागरिक आवतजावतका लागि खुला गर्ने उल्लेख छ । तर १९६२ को चीन, भारत सीमायुद्धपछि नाकबन्द भएको थियो । सन् १९८८ मा भारतीय प्रधानमन्त्री राजीव गान्धीको चीन भ्रमणमा सिमानाका सञ्चालन गर्ने सहमति भयो । त्यसको चार वर्षपछि सन् १९९२ मा लिपुलेक नाका खुल्यो भने अहिलेसम्म उनीहरूबीच लिपेक हुँदै व्यापार र नागरिकको आवतजावत भइरहेको छ ।

चीनसँगको पछिल्लो सहमति लगत्तै भारतले गुन्जीमा ट्रेड अफिस स्थापना गरेको छ । मिठी भन्ने ठाउँमा रहेको 'इन्डो तिबेतियन बोर्डर पुलिसले त्यसको सुरक्षा गरेको छ । हरेक वर्ष १ जुनदेखि ३१ अक्टोबरसम्म लिपुलेक हुँदै भारत र चीनबीच निर्वाध व्यापार हुँदै आएको छ ।

सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी काठमाडौं आउँदा सुस्ता र कालापानीसहित सबै सीमा विवाद समाधान गर्ने सहमति भएको थियो । जसअनुसार सुस्ता र कालापानीका विषयमा टुंगो लगाउने प्रस्ताव तयार गर्न परराष्ट्र सचिवहरूलाई जिम्मा दिएको थियो । त्यसबाहेक स्थानको टुंगो लगाउन नापी विभागका महानिर्देशकको नेतृत्वमा बोर्डर वर्किङ ग्रुप गठन गर्ने सहमति भएको थियो । ग्रुप गठन गरेर काम समेत सुरू भइसकेको छ । तर कालापानी सुस्ता विवाद सुल्झाउने प्रयास अझै भएको छैन ।

# सरकार प्रमुख आफूमै झगडा गरेर देश सप्रँदैन



**जगदीश लामिछाने**
रौतहट, पौराई

हाम्रो देशमा एउटा बालख जन्मन्छ । उसका पचासौं पुस्तादेखि स्वदेश नेपाललाई माया गरेरै बढ्दै जाने स्वभाव साथमै लिएर आएको हुन्छ । वर्तमान नेपाली नेता हुँ भन्नेहरूले यो कुराको याद गर्नु नै पर्छ किनभने नेपालीको यही गुणले किराँतकाल, लिच्छविकाल, मल्लकाल र शाहकाल जस्तै वर्तमानको यो गणतन्त्रात्मक कालमा पनि सबैले होस पुर्‍याउनैपर्छ ।

यस बखतमा कम्युनिस्टका दुई नेता प्रधानमन्त्री खड्गप्रसाद ओली र अर्का अध्यक्ष पुष्पकमल दाहालको संयुक्त अध्यक्षताले दुवैको जुँगाको लडाइँमा दैनिक पत्रिकाहरूको पाना रंगीन थालेका छन् । ती दुवै कहिले मिलेजस्तो गर्छन् र कहिले झगडालु पनि देखिन्छन् । यी दुवैमा राष्ट्रप्रति माया ममता र राष्ट्रबासीप्रति सद्भाव देखिनुपर्थ्यो ।

पुरानो माओवादी र एमालेतर्फ हमबडा शक्ति संचयमै मात्र दुवै लठ्ठ देखिँदा केही लेख्नैपर्ने भएको छ । यसैले तलका शिक्षा, उद्योग, स्वास्थ्य र यातायात क्षेत्रमा छोटकरी केही विचार गर्नु समय सापेक्षिकै होला । प्रधानमन्त्रीसहितको सरकार पनि राष्ट्रप्रति राम्ररी जवाफदेही देखिनैपर्छ हैन र ?

**(१) शिक्षामा विकृति :** सरकारीका साथै निजी शिक्षालयको जालो यो देशभरि फैलाइएको निकै वर्ष भयो । ती शिक्षालयहरू थोरै कोरोना १९ कै बहानामा थला पारिएको किन हो ? हुनुपर्ने चाहिँ रोगको ओखती र नियन्त्रण सरकारले जाँगर लगाएरै गरौं भने नसक्ने भन्ने हुँदैन । बरु शिक्षालयहरू बन्द गर्नैपर्ने अवस्थामा यो सरकार थिएन । प्रत्येक शिक्षकले आफैं घरघरमै बसी साना बालकहरूलाई पढाएर कति साध्य हुन्छ र ?

उता संस्कृत विद्यालयहरूको हालत झन् कस्तो होला ? प्रत्येक शिक्षक कर्मचारीहरूलाई तलब मात्र खान दिने बहाना मात्रै जस्तो पो देखियो र सम्पूर्ण शिक्षा क्षेत्र थला पर्ने नै भयो । यसमा सरकारको ठूलो गल्ती हो । बालबालिकासँग शिक्षकले भेटै नगरेर कसरी पढाउनु ? शिक्षामा यस्तो लुकामारी रहन दिनु भएन । भारततर्फ सीमा बन्द गराउँदा हाम्रो देशलाई भएको फाइदा शिक्षा मन्त्रालयलाई नभएकै पनि होइन ।

**(२) उद्योगमा रचनात्मक उत्साह चाहियो :** आफ्नै नेपाली नागरिक विदेश बस्न डर मानेर फर्की स्वदेशमै आए । कसै कसैले रोग ल्याए भन्दैमा उनीहरूको स्वदेशमा गरिखाने धारणामा ठेस लगाउनु मिल्दैन । पहाड मधेश हिमालमा मिल्ने गरी हलुका टिलर आदि जोत्ने साधन र मकै छोडाउने यन्त्रहरू तथा धानतर्फ पनि त्यस्तै उत्पादनमुखी यन्त्रहरू बनाई सस्तैमा बेच्न सकिन्छ । पशुपालनमा पनि चिज पनिर आदि दूध दहीबाट बनाइ दिन त्यति कष्ट पर्दैन । यस्ता साना यान्त्रिकरण र उद्योगहरू हिमाल पहाड तराई सबैतिर उद्योगपतिहरूले तयार गरिदिनैपर्‍यो र उपलब्ध पनि भए भने स्वदेशमा खपत भएका सामान जति स्वदेशमै र अरु विदेश पठाउन पनि अहिलेको यातायातले सजिलै छ । उद्योगमा स्वदेशी श्रम र पुँजी लाग्नु आनन्दप्रद नै हुनेछ । कच्चा पदार्थहरूको आफ्नै सदुपयोग स्वदेशमै हुनेछ । यस कुराले वनको संरक्षण पनि पशुपालनको लागि आफैं हुने नै छ ।

**(३) स्वास्थ्य शिक्षाको सदुपयोग :** स्वास्थ्य शिक्षातर्फ अष्टांग योगको धारणामै अघि बढ्नुपर्छ । भरसक एउटा व्यक्तिले धेरै कुरामा विशेषज्ञता पनि यही बाटोबाट लिन सक्छ । यसबाट मानिस र पशु आदिको आहार शुद्धि हुनुका साथै सर्वत्र प्रेमभावको पनि विस्तार हुनेछ । प्रतिरोधात्मक विजयको साथै उपचारमा पनि सक्षम वैद्य कविराजहरू सके गाउँगाउँमै नभए क्षेत्रमा प्रशस्त शिक्षित गराउन गाह्रोपर्ने छैन । कुनै कुनै असाधारण रोगमा विशेषज्ञता पनि लिने नै छन् र वर्तमान एलोपेथिक डाक्टरहरूमै पनि धेरै शोषण गर्ने भावना घट्दै जाने नै छ । अब यातायातले पनि यस्तो गर्ने बाटो धेरै खोलिदिएकै छ ।

**(४) अवैज्ञानिक यातायात :** अहिले सबभन्दा दुःखदायी अवस्था अव्यवस्थित यातायातमार्फत भएका दुर्घटना, मृत्यु र नोक्सानीहरूले पारेका छन् । हिउँदका सुखा मौसमभरि खोला किनार तथा भिर पहिरो नभनी बाटो खनेर छोडिदियो अथवा कसैलाई स्वीकृति दियो । वर्षा लागेपछि त्यही बाटो अथवा पहिरो काल बनेर धनजनको क्षति गर्ने गरेको देखिन्छ । यसकारण यसै आर्थिक वर्षदेखि प्रत्येक यस्ता बाटा वर्षा लागेपछि मात्र खोला किनार च्याप्न र पहिरा ताछ्न नपाउने गरी स्वीकृति दिनु वाञ्छनीय हुन्छ र त्यस्तो ठेक्का बाध्यात्मक रुपले बनाउने समिति संस्थाहरूले त्यस्तो बाढी पहिराको रोकथाम र टेवा पर्खाल आफैंले लगाउने शर्तनामा गराएर मात्र दिनुपर्छ । कदमकदाचित अर्को योजनाले त्यस्ता बाढी पहिरो निम्त्याएको ठहरियो भने र त्यो स्वीकृति पुरानो जिम्मेवारले दिएको रहेछ भने ती दुवै संस्था मिलेर सुरक्षा गर्ने जिम्मेवारी पनि तोक्नुपर्छ । यसो भयो भने भरसक बुद्धि पुर्‍याएरै स्तरीय कार्य हुने आशा गरिन्छ । सडक पुल आदि पनि सक्दो स्थायी हुने नै छन् ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-६



सुदर्शन प्रधान

नेपालको राजनीतिमा भारतको प्रभाव र पकड कति सम्म रहेछ भन्ने यो एक ज्वलन्त प्रमाण हो । २०५९/०६० साल तिर डा. बाबुरामहरूलाई रोल्पामा तत्कालिन जनमुक्ति सेनाहरूको बन्दी जिवनबाट कसरी मुक्ति मिल्यो उनिहरूका उन्मुक्तीको लागी कहाँकहाँबाट, ककसले, केकस्तो दवावहरू सिर्जना गरे ? २०६९ तिर प्रधानमन्त्री बन्न पनि क-कस्को भूमिका कस्तो रह्यो ? उनले पर्दा खोलेर पृष्ठभागतिर कहिल्यै हेरेनन् र उनिहरूका सुझाव, सल्लाहाहरू लिन कहिल्यै आवश्यक देखेनन् । उनि त आफ्ना आसेपासे र धुपौरेहरूलाई मात्र देख्दा रहेछन् र आफू विद्यार्थीकालमा छात्रवृत्ती मिलेको भारत नयाँ दिल्ली स्थित जवाहरलाई विश्वविद्यालय (जेएनयु) कालका प्राध्यापक एस.डी. मूनीलाई नै सर्वेसर्वा मान्दारहेछन् । अरु तथ्यहरूले पनि भन्छन्, बुर्जुवा शिक्षा हासिल गरेका त्यस माथी डाक्टर पदवी पाएकाहरूमा अकल्पनिय दम्भ र अदुरदर्शीता हुने रहेछ भनेर डा. बाबुराम भट्टराईले प्रदर्शन गरे ।

*(क्रमशः)*

नेपालको तराईकेन्द्रीत सम्पूर्ण पार्टीहरू भारतबाट प्रभावीत र निर्देसित छन् भन्ने कुरा २०७२ असोज २मा नेपालको सम्बीधान घोषणा पछि भारतको नाकावन्दी र सम्बीधान विरुद्ध गरेका आन्दोलनहरूले स्पष्ट पार्छन् । भारतले नेपालको ६० हजार हेक्टर भूमी सिमा मिचेको, कालापानी लिम्पीयाधुराक्षेत्रको ३७२ वर्ग कि.मी. भूभाग कब्जा गरि सैन्य क्याम्पहरू राखेको नेपाल भारतको सिमा क्षेत्रमा भारतले मनोमानी बांध बाध्नु, तटबन्ध र सडकहरू निर्माण गरेर नेपालको तराई भूभाग वर्षायाममा हजारौं हेक्टर डूवानमा परि अक्रान्त बनेको, वेला बेला नेपाली सिमा भीत्र भारती सेनाहरू प्रवेश गरि हत्या, लुटपाट, बलात्कार, अपहरण र कोलाहल मच्चाएको घट्नाहरू थुप्रै छन्, भारती डांकाहरूले अपराधपूर्ण घट्नाहरू घटाएका पनि कैयौं छन्, यस्ता कुराहरूमा उनिहरूलाई कुनै सरोकार छैन । आफ्नो मातृभूमी नेपालको जमिन फिर्ता गर्न पर्छ पनि भन्दैनन् । उनिहरू त भारतबाट आएका सम्पूर्ण मान्छेहरूले नागरिकता पाउन पर्छ, अंगीक्रित नागरिकहरूले पनि राष्ट्रको प्रमुख पदहरूमा जान बाटो खुलिनुपर्छ, झापादेखि महेन्द्रनगर सम्मको तराई भूभाग सिंगो एउटा प्रदेश वा दुई प्रदेश बन्न पर्छ पनि भन्छन् ।

*(क्रमशः)*

# मैले देखेको १३७ औं विश्व सम्पदा
# ढाकाको लालबाघ किल्ला

सुरेन्द्र ढकाल


अगाडिबाट हेर्दा लालबाघ किल्ला र पछाडिको पोखरी यस्तो देखिन्छ


किल्लाभित्र रहेको नवाबको निवास दिवान इ आम


बीबी परीको चिहान रहेको घर


किल्लाको मुख्य द्वार


किल्लाभित्र रहेको १७ औं शताब्दीको मस्जिद


किल्लाको पर्खालमाथि रहेको सुरक्षा टहरा (Bastion)

१६ जनवरी २००२ को बिहान भियनाबाट काठमाडौं फर्केपछि मेरो नियमित कार्य पुनः जारी भयो। गलैंचा निकासीकर्ता संघको कार्यकारी सल्लाहकारको रुपमा। विदेश घुम्ने मौका र योजना तत्काल थिएन। म आफ्नै काममा ब्यस्त थिएँ।

जुलाई महिनाको पहिलो हप्ता राष्ट्रिय उत्पादकत्व संगठन नेपालले बंगलादेशको राजधानी ढाकामा एसियाली उत्पादकत्व संगठनद्वारा अक्टोबर महिनाको २७ देखि ३१ तारिखसम्म Integrated Productivity Improvement for Supportimng Industries विषयक कार्यशालाको आयोजना गर्न लागेको जानकारी गराउँदै उक्त कार्यशालामा भाग लिने इच्छा भए गलैंचा निकासीकर्ता संघबाट नोमिनेसन पठाउन आग्रह गरिएको एक पत्र प्राप्त भयो। ढाका शहर देख्न पाइने, कार्यशालामा भाग लिन पाउने अनि आफ्नो विश्व भ्रमण गर्ने सपना पनि क्रमशः साकार हुने देखेर मैले उक्त कार्यशालामा नेपालको तर्फबाट भाग लिने इच्छा व्यक्त गरेँ। त्यतिखेर राष्ट्रिय उत्पादकत्व संगठन नेपालको कार्यकारी निर्देशकमा मेरा अनन्य मित्र चन्द्रलाल जोशी हुनुहुन्थ्यो। संघबाट मेरो नोमिनेसन गएपछि उहाँले खुसी साथ नेपालबाट भाग लिने ३ जनामध्ये एक जनामा मेरो नाम पनि राखिदिनु भयो। मेरो अतिरिक्त नेपालबाट जाने नोमिनेसन पक्का भएकोमा सुरेन्द्र शाही र मुकेशकुमार भट्टराई हुनुहन्थ्यो। कार्यशालामा नेपालको अतिरिक्त बंगलादेश, पाकिस्तान, इण्डोनेसिया, श्रीलंका, इरान, फिलिपिन्स, भियतनाम, फिजि र मंगोलियाको प्रतिनिधित्व थियो। हरेक दिनको ३ बजेसम्म हामी कार्यशालामा ब्यस्त हुन्थ्यौं भने बेलुकीको समय ढाका शहर अवलोकन गर्ने कार्य हुन्थ्यो।

ब्रेक फाष्ट र लञ्च कार्यक्रम संचालन भएको पाँचतारे होटल सोनारगावकै हलमा हुन्थ्यो भने बेलुकाको खाना खान हामी स्वतन्त्र थियौं। तसर्थ कार्यशाला सक्नासाथ हामी ढाका शहर घुम्न निस्कन्थ्यौं। त्यसै क्रममा २९ तारिखका दिन ४ बजे पुरानो ढाका शहरमा अवस्थित लालबाघ किल्ला अवलोकन गर्न हामी पुग्यौं।

**लालबाघ किल्ला**

यो किल्लालाई औरंगवाद किल्ला पनि भनिदो रहेछ। १७ औं शताब्दिमा मुगल साम्राज्यताका निर्माण हुँदाहुँदै अपूर्ण रुपमा छोडिएको यो किल्ला राजधानी ढाकाको दक्षिणपश्चिम भागमा रहेको बुरीगंगा नदीको किनारमा अवस्थित रहेछ।

नवाब औरंगजेवका तेस्रा छोरा भाइसराय मुहम्मद अजाम शाहद्वारा सन १६७८ मा यो किल्लाको निर्माण शुरु गरिएको रहेछ। पछि उनका उत्तराधिकारी सैस्ता खानले सन १६८४ मा यिनकी छोरी इरान दुख्त पारी विविको यही किल्लामा मृत्यु भएको कारण यो किल्लालाई अलच्छिन ठान्दै यस्को निर्माण कार्यलाई निरन्तरता नदिएको कारण यो किल्ला अपूर्ण अवस्था बसेको रहेछ। पछि नि १७८७ मा यस किल्लाको दक्षिण ढोकालाई जोहान जोफ्फानी भन्ने कलाकारले कलात्मक तरिकाले रंगाएका रहेछन्। पछि सन १८४४ यस किल्लाको नाम लालबाघ किल्ला राखिएको रहेछ।

यस किल्ला परिशरमा मस्जिद, वीवी परिको चिहान र दुई ढोकासहितको दिवानी इ आम भन्ने पर्खालसहितको भवन गरी तिन संरचनाहरू रहेछन् र पश्चिमतर्फ भएका प्रशासनिक संरचनाहरूमा भवनको छतमा रहेको बंगैचा र पानीका फोहराहरू रहेछन्। किल्लालाई घरिएको दक्षिण तर्फको पर्खालको विभिन्न ५ कुनामा सुरुंग सहितको सुरक्षा टहरा (Bastions) बनाइएको रहेछ। सबै भन्दा ठूलो बास्टिओन भने दक्षिण प्रवेशद्धारको रहेछ। किल्ला परिशरको केन्द्रमा माथि भनिए जस्तै टर्किस वाथ सहितको दिवान इ आम, पश्चिमतर्फ मस्जिद र परि विविको चिहान रहेछ। यी तिनै संरचनालाई पूर्वबाट पश्चिम र उत्तरबाट दक्षिण गरी फोहरा सहितका खहरेहरूले जोडेको रहेछ।

**दिवान इ आम**

यो भवन सम्राट हुदा सम्राटको र नहुदा बंगालको प्रशासकको निवाश रहेछ। दुइ तले यो भवन किल्लाको पूर्व तर्फ अवस्थित रहेछ। यसैमा भवनमा एकतले हम्माम (टर्किस) नुहाउने स्थल भएको भवन रहेछ जस्को भूमीगत पानी तताउने कक्ष रहेछ। हामीले अवलोकन गर्दा यी सबै भग्नावशेषको रुपमा थिए। यहि पानी तताउने कक्षबाट माटोको पाइपबाट नुहाउने कक्षमा पानी पठाइने ब्यवस्था मिलाइएको रहेछ। हम्मामखाना संगै एक शौचालय पनि रहेछ।

**बीबी परिको चिहान**

यो चिहान किल्ला परिशरको मध्य भागमा रहेछ। यहा एक चारकुने कोठा रहेछ। यहिनै सैस्ता खानकी छोरी विवि परिको लाशलाई पित्तलको ढकनीले छोपेर राखिएको रहेछ। चिहानको वाहिरी भागलाई सेतो सिंगमरमरले मोरेको रहेछ। यस कक्षलाई वरीपरी गरी अरु ८ वटा सासाना कोठाहरूले घरिएको रहेछ।

**लालबाघ मस्जिद**

यस मस्जिदका तिनवटा सासाना गजुरहरू (डोम) रहेछन्। त्यहा पवित्र स्नानको लागि पानीको टैंकी पनि राखिएको रहेछ। हामी करिव दुइ घण्टा जति किल्ला परिशरमा विताइ वेलुका होटल फर्कनस अधि एक बंगाली रेष्टुरामा गई विरयानी खायौं। यस अघि मैले विरयानी नाम पनि सुनेको थिएन।

**कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं**

- आत्महत्याको जोखिपूर्ण वर्गको पहिचान गरी मनोसामाजिक परामर्श प्रदान गरौं।
- सकारात्मक विभेदको नीतिको आधारमा गरिबीको रेखामूनीको वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गरौं।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाको दायरा अभिवृद्धि गरौं।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# ३४. झापाको कम्युनिस्ट विद्रोह




■ शम्भुराम श्रेष्ठ

हामीहरूले कुनै पनि कम्युनिस्ट समूह ज्वाइन नगरी कम्युनिस्ट जमातकै रुपमा रहेर नेपाली कम्युनिस्ट आन्दोलनको पुन:एकीकरण गर्नका निम्ति आफूहरूले सके जति प्रयास गर्दै गरिरहेका थियौं। त्यस समय देशभरकै त्यसमा पनि खास गरेर पूर्व कोसी प्रान्तका सबैजसो पार्टी कार्यकर्ताहरूको पुरानो केन्द्रीय पार्टी नेतृत्वमाथिको मात्रै होइन, पूर्व कोसी प्रान्तीय नेतृत्वमाथिको विश्वास समेत उठिसकेको थियो। ठीक त्यही समय भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का भारतको उत्तरी बंगालको नक्सालवादी क्षेत्रका प्राय: सबै नेता र कार्यकर्ताहरू आफ्नो पार्टी नेतृत्वविरुद्ध विद्रोह गरी नक्सालवादी आन्दोलनको नामले प्रख्यात हिंसात्मक संघर्षमा उत्रेका थिए। त्यसको ठाडो प्रभाव त्यही नक्सालवादी क्षेत्रसँग जोडिएको हाम्रो झापा जिल्लामा पर्नु विल्कुलै स्वाभाविक थियो।

पार्टीको पूर्व कोसी प्रान्तीय कमिटी सदस्य मोहनचन्द्र अधिकारी, झापा जिल्ला कमिटी सदस्य राधाकृष्ण मैनाली र सीपी मैनाली लगायतका विद्यार्थीहरूले एउटा जमातले नेकपा (माले) अर्थात् नक्सालवादी झापाली पार्टी गठन गर्ने तयारी गरिरहेका रहेछन्। यसैबीच एक दिन मोहनचन्द्र अधिकारी मकहाँ आए। सायद त्यसैबारे कुरा गर्नलाई होला। तर त्यो दिन जिल्लाहरूका पार्टी कार्यकर्ताहरू २।३ जनाका ग्रुपहरूमा अटुट रुपले आइरहेको हुनाले ४-५ घन्टा कुरेर पनि मोहनचन्द्रले मसँग कुरा गर्न पाएनन्। साँझ परेपछि निरशझैँ भई उनी फर्केर गए। मोहनचन्द्र पनि त्यो नयाँ पार्टी खोल्नमा लागेका थिए भन्ने कुरा मलाई विल्कुलै थाहा भएन। केही दिनपछि झापामा स्थानीय पार्टी कार्यकर्ताहरूले नयाँ कम्युनिस्ट पार्टी गठन गर्न लागिरहेका छन् भन्ने कुरा मैले सुनेँ। झापाका कामरेडहरूले साँच्चै नै नयाँ पार्टी खोल्न लागेका हुन् भने त्यो राम्रो भएन र उनीहरूलाई रोक्नुपर्छ। सिंगै नेपाली कम्युनिस्ट आन्दोलनमै पुन:एकीकरण गर्नुपर्ने बेलामा नयाँ कम्युनिस्ट पार्टी खोलेर फुटको खाडललाई अझ बढी फराकिलो पार्न कदापि दिनु हुँदैन, हामीले उनीहरूसँग कुरा गर्न थालिहाल्नुपर्छ र उनीहरूको भनाइ सही देखिए, हामीहरूले उनीहरूको कुरा मान्नुपर्छ भन्ने मलाई लाग्यो।

त्यसको केही दिनपछि नै मैले मनमोहन अधिकारीलाई एउटा अत्यन्तै जरुरी विषयमा छलफल गर्नुपरेकाले म फलाना दिन प्लेनबाट विराटनगर आउँदैछु र पूर्व कोसी प्रान्तीय कमिटीका सदस्यहरू र झापा जिल्ला कमिटीका सदस्यहरू म पुग्नुभन्दा एक दिन अगाडि नै विराटनगर आइपुग्नु भनी खबर पठाइदिनोस् भनी अ.वा.मार्फत खबर पठाए। तोकिएकै दिन म विराटनगर एयरपोर्ट पुगेँ। बोलाइएका सबैजसो कामरेडहरू एयरपोर्ट पुगेका थिए।

सामान्य भलाकुसारीपछि भात खाइसक्दा बेलुकाको ३:३० बजिसकेको थियो। अलि गफसप के भएको थियो, झमक्क साँझ परिहाल्यो। हिउँदको दिन जो थियो। भोलि दिउँसो १२ बजेदेखि मिटिङ सुरु गर्ने निर्णय भयो र मनमोहन र भरतमोहन बाहेक अरु सबै कामरेडहरू आआफ्नो घर डेरातर्फ लागे।

भोलि बिहान ९ बजेतिरै काठमाडौंबाट मनमोहन अधिकारीलाई अकस्मात मेरो आमाको निधन भयो, मलाई काठमाडौं पठाइदिनोस् भनेर आकाशवाणी आएछ। मनमोहनको घरमा खलबली मच्चियो। सबैले कानेखुसी गर्न थाले। तर मलाई विल्कुलै थाहा दिइएन। भरतमोहनहरू मलाई थाहा नदिई प्लेनको टिकट किन्नपट्टि लागेछन्। तर २-३ दिनसम्मका टिकट बेचिइसकेका छन्। टिकट किन्न नपाएपछि उनीहरू अञ्चलाधीशकहाँ गई उनलाई सबै कुरा सुनाएपछि उनले सरकारी रिजर्भ सिटको एउटा टिकट मिलाइदिएछन्, त्यो पनि भोलिपल्टको बिहानको मात्रै। त्यो दिन मिटिङ नै हुन सकेन।

मनमोहनले साँझ मात्र आमाको निधन भएकोबारे केही नभनी घरमा एउटा अत्यन्तै जरुरी काम परेकाले तपाईंले भोलि बिहानको फ्लाइटबाट काठमाडौं जानुपर्ने भयो। तपाईंलाई बोलाइएको छ भनेर भने। भोलिपल्ट बिहानै सबै कामरेडहरू जम्मा भए। मिटिङ म फर्केपछि मात्रै गर्ने गरी स्थगित गरियो। मैले आमाको निधन भएको कुरा गौचर एयरपोर्टमा मात्रै थाहा पाएँ।

जुन विषयबारे छलफल गरी निर्णय गर्ने विचारले म विराटनगर गएको थिएँ, त्यो मिटिङपछि कहिल्यै बसेन। मिटिङ नहुनुमा मनमोहन अधिकारी खास गरी जिम्मेवार थिए। मोहनचन्द्र अधिकारी र मैनाली दाजुभाइले नेकपा (मार्क्सवादी लेनिनवादी) अर्थात् नक्सालवादी पार्टी गठन गरिहाले।

झापामा जमिनदारहरू र तिनीहरूका दलालहरूका टाउका काट्न थालिहाले। अर्थात् झापा विद्रोह सुरु भइहाल्यो। पञ्चायती शासनले एकातिर मनमोहन अधिकारीलाई झापाली कामरेडहरूबाट खतरा भएकाले संरक्षण दिन केही दिन विराटनगर जेलमा राख्यो भने अर्कोतिर न्युक्लियसको बैठकमा भारतका नक्सालवादीहरू मात्रै साँच्चैका कम्युनिस्ट हुन् र त्यसैले उनीहरूसँग मात्रै हामीले भ्रातृ सम्बन्ध राख्नुपर्छ भन्ने संकीर्णवादी मोहनविक्रमको पक्षमा चर्को आवाजले वकालत गर्ने भारतमोहन अधिकारीहरूले रातारात ९० डिग्री राइट टर्न गरी झापाका विद्रोही कामरेडहरूलाई कडाभन्दा कडा सजाय दिनुपर्छ भनी पञ्चायती शासकहरूसँग अपिल गर्दै वक्तव्य दिन थाले।

त्यतिमात्रै होइन, उनीहरूले मलाई पनि त्यस्तै प्रकारको वक्तव्य दिन हुन अनुरोध गरी चिठ्ठी लेखेका थिए र मैले उनीहरूलाई 'सकेछु भने म झापाली कामरेडहरूलाई मद्दत गरुँला, सकिन भने पनि मेरो गर्दन नै काटिने भए पनि म उनीहरूको विरोधमा बोल्दिन।' भनेर जवाफ लेखेर पठाएँ।

कविता

# रोबोट श्रीमती भएको भए





● प्रेम ओली (ढकलपुरे)

आहा ! यो बेला त
रोबोट श्रीमती भए कति राम्रो हुन्थ्यो
दूध किन्न पनि आफैं जान्थी
तरकारी किन्न पनि आफैं जान्थी
जे भन्यो त्यही मान्थी
न कोरोनाको डर न लकडाउनको डर
गजबै हुन्थ्यो होला है, यो घर।

खानाको रिसिप सेट गरेपछि
मिठो मिठो पकाउँथी, मिठो मिठो
खुवाउँथी
यो लकडाउनमा
न लुगा धुलाउँथी, न भाँडा मझाउँथी
न झर्किन्थी न रिसाउँथी
न डाडू पन्यूले यो तालुमा बजाउँथी।

जे भन्यो मान्थी
मान्छेले बनाएको भएपछि
ब्रह्माले बनाएको भन्दा राम्री हुन्थी
छोराछोरी पनि पाउँथी
छोराछोरी पाए पनि रोबोटै रोबोट
पाउँथी।

ती छोराछोरी पनि जन्मिने बित्तिकै
मृगको बच्चाजस्तै कुद्थे होलान्
कुखुराको भालेजस्तै जुद्थे होलान्
कोही बारी जोत्थे होलान्,
कोही खेत खन्ते होलान्
कोही घर पोत्ने, कोही गोठालो बन्थे
होलान्
मलाई त बजियाहरूले,
ए मान्छे बा ! पो भन्थे होलान्।
रोबोट बूढी भएपछि
न बिरामी पर्थी न पाखा सर्थी
लोग्नेले सुतिसुती खाँदा पनि
न गनगन गर्थी, न किचकिच गर्थी।

व्हिस्की पनि खाँदिनथी बियर पनि
खाँदिनथी
लुगा किन्न जाम भनेर बजार पनि
लाँदिनथी
खानै नखाएपछि, न मोटाउँथी न ज्यान
घटाउँथी
बिहे, भोजमा जाँदा पनि
श्रृङ्गारपटारमा न घन्टौं लाउँथी
कतै जानु पर्यो भने किन चाहियो
मोटरगाडी ?
उसैले काँधमा राखेर कुदाउँथी
आहा रोबोट श्रीमती भएको भए, क्या
काइदै काइदा हुन्थ्यो
सुन पनि माग्दैनथी, चाँदी पनि
माग्दैनथी, फाइदैफाइदा हुन्थ्यो।

तर एउटा कुरा
त्यो रिसाइ भनी त काली चन्डीझैँ
गर्थी
हातखुट्टा बटारेर कच्याक्क कुचुक्क
पार्थी
आखिर मेसिन न हो, के भर ?
मेरी बुढीले गरेको जस्तो के ख्याल
गर्थी ?
घर आउन ढिला हुँदा पनि
न फोन गर्थी, न खोजी गर्थी
आदेश मात्र मान्थी, यस्ता कुरा के
जान्थी
आफू मर्दा पनि, न हाँस्थी न रुन्थी
आखिर मेसिन न हो,
मेरी बूढीजस्ती के हुन्थी ?

# पाउरोटी 'बा' र कृष्ण पाउरोटी भण्डार



✍ घनश्याम राजकर्णिकार

सोचेर हेर्दा सम्झेर ल्याउँदा मैले पिताजी कृष्णबहादुर राजकर्णिकारको ठूलो उपलब्धि एवं योगदान यदि केही छ भने त्यो हालसम्म हामीले धान्दै आएको व्यावसाय 'कृष्ण पाउरोटी भण्डार'लाई पाएको छु। आजभन्दा ७२ वर्ष अघि अर्थात् वि.सं. २००५ सालतिरको काठमाडौंको स्थिति त्यस बेला अनुभूत गर्नेहरूको स्मृतिमा सुरक्षित भएकै होला। त्यस बेला काठमाडौंमा उद्योग व्यावसाय शून्यप्राय: नै थियो भनिन्छ। त्यस्तो बेलामा पिताजीले नेपालमा सर्वप्रथम पाउरोटीजस्तो खाद्य पदार्थ उद्योगको रूपमा बनाउन सुरु गर्नुभएछ। यसरी नेपालमा सर्वप्रथम नेपाली जनसाधारणलाई पाउरोटी बनाई चखाउने व्यक्ति कमलपोखरीका स्वर्गीय कृष्णबहादुर राजकर्णिकार हुनुहुन्थ्यो जसले वि.सं. २००५ सालमा सानो रूपमा पाउरोटी उद्योगको शुरुवात गर्नुभएको थियो। शुरु-शुरुमा बाह्र-पन्ध्र ओटामात्र पाउरोटी बनाई बिक्री गरिने यो व्यवसाय आज देशव्यापी हुन गएको छ।

अब म पिताजीले त्यसबेला पाउरोटी किन बनाउन थाल्नुभयो वा कुन प्रेरणा, कुन अवहेलनाबाट उहाँ यस व्यवसायतिर लाग्नुभयो त्यसको पछाडि विद्यमान रोचक, द्योचक तथा तथ्य-सत्य घटनालाई यहाँ यसरी प्रस्तुत गर्न लागिरहेछु।

सर्वप्रथम सन्दर्भस्वरूप इतिहासतिर अलिकति फर्केर हेरूँ। गुनको बदला गुन भनेझैँ बराज्यु गजराज राजकर्णिकारले वीरशम्शेरको किशोरावस्थामा लगाएको गुन सम्झेर आफू श्री ३ महाराज भएपछि वीरशमशेरले गजराजका जेठा छोरा अर्थात् मेरा बाजे हीरामान सिंहलाई आफ्नो निजी हल्वाईमा नियुक्त गरिदिएका थिए। वीरशमशेरको निधनपछि उनको नेवार्नी पट्टिका छोरा लालदरबारका मालिक जेतशमशेर कहाँ उहाँ कार्यरत हुनुभयो। यही सिलसिलामा तेजशमशेरका छोरा इन्दुशमशेर कहाँ मेरा पिताजी कृष्णबहादुर राजकर्णिकार नियुक्त हुनुभयो।

अब जुद्धशमशेरको शासनकालतिर जाउँ। प्रधानमन्त्री जुद्धशमशेरले 'ग' श्रेणीका राणाहरू अर्थात् ल्याइते, जात नमिल्ने रखौटीतिरबाट जन्मेका राणाहरूबाट विद्रोह हुने डरले तिनीहरूलाई एक-एक गरेर उपत्यका बाहिर धपाइदिए। यही मेसोमा जुद्धशमशेरले लालदरबारका इन्दुशमशेरलाई वि.सं. १९९९-२००० तिर इलामको वडाहाकिम बनाई धपाइदिए। आफ्ना मालिकसँग लालदरबारका अधिकांश सेवकहरू, कार्यकर्ताहरू पछि लागे। यही सिलसिलामा मेरा पिताजी पनि इन्दुशमशेरको दलमा सामेल हुन पुग्नुभयो। भनिन्छ, लादरबारमा अनगिन्ती मूल्यवान्, वस्तुहरू इन्दुशमशेरले इलामतिर ओसारे। लालदरबारका बाबुसाहेबसँग त्यस बेला अरु राणापरिवारका भन्दा बढी हीरा, जुहारातहरू हुनेगर्थ्यो रे। किभने वीरशमशेरले पहिल्यै लखनउ लूटबाट प्रशस्त हीरा, जुहारातहरू हात पारेका थिए। त्यसैले इलाम पुऱ्याएका सामानहरूमध्ये केही यस्ता कन्तुर, बाकसहरू पनि मुख्य थिए जसमा हीरा, जुहारातहरू खचाखच भरिएका थिए। सबै सामान तथा मानिसहरू सुरक्षितसाथ इलाम पुगेको केही दिनपछि त्यहाँ एउटा सनसनीपूर्ण कुरोले ठाउँ लिएछ- हीरा, जुहारातजस्ता मूल्यवान् वस्तुहरू भएको एउटा कन्तुर वेपत्ता भएछ। यो घटनाले सबै कार्यकर्ताहरू स्तम्भित भएछन्, सबैको मुखमा मलिनता छाएछ। सबै सामानहरू दोहऱ्याई - तेहऱ्याई गिन्ती गर्दा पनि एउटा कन्तुर गायब भएको सत्य ठहरियो। मालिकका सेवकहरू, कार्यकर्ताहरू यताउता खोजखाज गर्नमा तल्लीन भएछन्। यतिकैमा कुनै एक जनाले (दोषी ?) मेरा बुवालाई गोठतिर पनि हेर्नुपर्छ भनी सुटुक्क भनेछ। तत्काल पिताजी आफैँ गोठमा जानुभई त्यहाँ पराल यताउता पन्छाउँदै जाँदा एउटा कन्तुरले आफ्नो हँसिलो चेहरा देखाइहालेछ। विजेताको भावनाले गद्गद हुँदै पिताजीले त्यो कन्तुरलाई आफ्ना मालिककहाँ पुऱ्याउँदा सबै तीन छक परे, त्यहाँ खुसीको लहर चारैतिर फैलियो। मेरा पिताजीको इमानदारी र स्वामीभक्ति देख्दा स्वयम् इन्दुशमशेर र उनका परिवार सबै दङ्ग भए, आनन्दले विभोर भए। मालिककहाँ घटना जाहेर गर्दा मेरा पिताजीलाई गोठमा पनि हेर्नुपर्छ भन्ने व्यक्ति त्यहाँबाट गायब भएछ, उसले कुलेलम ठोकेछ।

कुरा यत्तिकैमा टुङ्गिएन। त्यस बेला नै लाखौं मूल्य पर्ने हीरा, जुहारातजस्ता मूल्यवान्वस्तु फेला पार्नु भनेको चानचुने कुरा थिएन। त्यसैले मालिक खुसी हुँदै सच्चा सेवक मेरा पिताजीलाई कदरस्वरूप तराई (बारा, पर्सा) तिरको पचास बिघा जमिन बकस दिने निर्णय भयो र यो खबर पिताजीलाई तत्कालै सुनाइयो। त्यस बखतको राणाकालीन समयमा नेपालको विभिन्न ठाउँमा विशेष गरी तराईको अधिकांश जग्गामा त्यतातिरका फाँटका फाँट जग्गा बक्सिस दिने चलन थियो। त्यतातिरको पचास बिघा जमिन बक्सिस पाउँदा मेरा पिताजीको मन खुसीले गद्गद हुनु स्वभाविकै थियो। तर तीन चार वर्ष बितिसक्दा पनि मालिकले त्यो जग्गा मेरो पिताजीको नाममा लिखित हस्तान्तरण गरी दिएको होइन। भाग्यको विडम्बना गजबको हुँदोरहेछ। मेरा पिताजी मृगतृष्णमा फस्नु भएको कुरा उहाँलाई पछि मात्र थाहा भएछ। किनभने इन्दुशमशेरका एक जना ठकुरी जुवाइँ मेरा बुवालाई बकस दिएको त्यो पचास बिघा जमिनमा ऱ्याल चुहाउन पुगेछ। लगत्तै त्यो जग्गा त्यो ठकुरी जुवाइँको नाममा लिखित पास गरिदिँदा मात्र मेरा पिता 'हिस्स बूढी खिस्स दाँत' हुन पुग्नुभएछ। यसरी बकसस्वरूप दिइसकेको जग्गा फेरि फिर्ता लिने लालदरबारका मालिक इन्दुशमशेरदेखि पिताजीले साह्रै चित्त दु:खाउनु भएछ। हृदय नभएका बैगुनीको के सेवा गर्ने भन्ने निराशाको भावना मेरा पिताजीको मनमस्तिष्कमा छाउन पुगेछ। जीवनमा पहिलो पटक भयङ्कर निराश हुँदै व्यथित हृदय लिएर पिताजी केही नयाँ काम सिकेर घर फर्कने विचार गरी इलाम छाडी त्यहाँबाट घर नफर्की कोलकाता झर्नुभएछ।

एकलव्य बन्नुहुँदै कोलकाता पुग्नुभएका मेरा पिताजीलाई दश-बाह्र दिनसम्म बेकार बस्नुपरेछ, उहाँ अन्योलमा पर्नुभएछ। कुनै नयाँ काम सिक्ने मौका पाउनु भएन। यसरी कामकुरो शून्य अनि भएको पैसा सकिँदै जाँदा उहाँको मनमा ढचाङ्ग्रो बज्नु स्वाभाविकै थियो। धर्मकर्ममा आस्था राख्नुहुने उहाँ एक दिन कोलकाताको दक्षिणतिर अवस्थित कालीघाटको कालीमन्दिर दर्शन गर्न जानुभएछ। त्यहाँको हूलमूलमा एउटा सानो घटना यसरी घटेछ-

त्यहाँको हूलमूलको थिचाइमा एउटी दश-एघार वर्षकी केटीनानी पर्न गइछन्। उनी रुँदै कराउँदै 'अब्बा, अब्बा' भन्दै चिच्याउँदै थिइन्। ती नानीका बुबा अलि पर हुँदा केवल अत्तालिरहेका थिए, केही गर्न सकेका थिएनन्। सङ्कटमा परेकी ती नानीलाई मेरा बुबाले त्यहाँ झ्वाट्ट देख्नुभएछ र तत्काल भएभरको बल निकाल्दै भीडलाई पन्छाउँदै ती नानीलाई च्याप्प बोकेर हूलबाहिर ल्याउनुभएछ। यी सबै क्रियाकलाप ती नानीका बुबाले मूक दर्शक बनी टुलुटुलु हेरिहेथे। उनले त्यसपछि मेरा पिताजीलाई अँगालो हाल्दै 'आपका लाख-लाख सुक्रिया' भन्न थालेछन्। त्यसपछि त्यस व्यक्तिले मेरा पिताजीलाई कहाँ के गर्दै हुनुहुन्छ जस्ता शिष्टाचारयुक्त प्रश्नहरू गरेछन्। कुरै कुरामा पिताजीले आफू भर्खर नेपालबाट आएको बताउँदै कोलकातामा केही नौलो कुरा सिक्न पाए हुन्थ्यो भन्ने जस्ता कुरा गर्नुभएछ। ती नानीका बाबुले "ल, मसँगै जाऊँ अङ्ग्रेजी रोटी पाउरोटी बनाउने तरिका सिकाइदिन्छु" भनेछन्। मेरो पिताजी उनीसँग जानुभई उनको घरमा पाहुनाको रूपमा बस्नुभएछ। अर्थात् ती मानिसले मेरा पिताजीलाई आफूसँग लगी गाँस पनि दिए, बास पनि दिए। ती मानिस कोलकाताको त्यस बेलाको नामुद तथा प्रख्यात अङ्ग्रेजी बेकरी (Firpo's) फर्पोज कम्पनीमा कार्यरत पाउरोटी बनाउने ठूला मिस्त्री रहेछन्। अङ्ग्रेजी पाउरोटी पहिलोपल्ट नै कोलकातामा देख्नुहुँदा पिताजीले यो रोटी नेपालमा पनि बनाउन सुरु गर्न पाए यसको प्रचलन बढ्दै जाने कल्पना पहिल्यै गर्नुभएको रहेछ। आफूले मनमा चिताएको कुरा ठ्याक्कै सिक्न पाउनु कस्तो संयोग। जीवन भन्नु नै यस्तै हो, कहिले के संयोग आइपर्छ त कहिले भने बियोग भोग्नुपर्छ। मनले चाहेको कुरा सिक्न पाउँदा मेरा पिताजी दङ्ग पर्नुभएछ, उहाँले पाउरोटी बनाउने तरिका दत्तचित्त भई हेर्नुभएछ र ध्यानपूर्वक सिक्नुभएछ कोलकाताको त्यो प्रख्यात पाउरोटी कम्पनी पर्पोजमा।

नयाँ आशा नयाँ विश्वास लिएर पिताजी नेपाल फर्कनुभएछ र लगत्तै आफ्नो कमलपोखरी निवासस्थानमा पाउरोटी बनाउन सुरु गर्नुभएछ। केही दिनसम्म दिनको दश-बाह्र, पन्ध्र-बीसओटा मात्र पाउरोटी बनाउनुहुन्थ्यो। पिताजीले पछि २००५ साल साउन १० गते आफ्नै निवासस्थानमा आफ्नै नामबाट 'कृष्ण पाउरोटी भण्डार' नाम राखी एउटा सानो उद्योगको रूपमा पाउरोटी बनाउन थाल्नुभएछ। आज कृष्ण पाउरोटी भण्डारको जे जुन अवस्था छ, कीर्ति छ ती सबै मेरा पिताजीको सङ्घर्षशील जीवनको प्राप्ति हो।

यसरी जुद्धशमशेरले 'ग' श्रेणीका राणाहरूलाई काठमाडौँबाहिर लघार्दा लालदरबारका सेवक मेरा पिताजी पनि इलाम पुग्नु, त्यहाँ हराएको हीरा, जुहारात भएको कन्तुर पाइदिँदा पचास विघा जमिन बकस पाउनु, तर पछि नपाउँदाको निराशाबाट कोलकाता पुग्नु र त्यहाँ कालीमन्दिरको हूलमूलमा च्यापिएकी केटीनानीलाई बचाएको फलस्वरूप अङ्ग्रेजी पाउरोटी बनाउन सिक्न पाउनु र पछि नेपाल फर्की आफ्नै निवासस्थानमा कृष्ण पाउरोटी भण्डार स्थापना गरी सानो उद्योग सुरु गर्नु, यही हो नेपालमा पाउरोटी उद्योग सुरु हुनुभन्दा अघिको घटनाभित्रका घटनाक्रम।

अत: नेपालमा सर्वप्रथम पाउरोटी बनाई नेपालीलाई पाउरोटी खान सिकाउने उहाँ पाउरोटी 'बा' तथा कृष्ण पाउरोटी भण्डारका प्रात:स्मरणीय मालिक मेरा पिताजी कृष्णबहादुर राजकर्णिकारलाई यो लेख समर्पण गर्नु म मेरो कर्तव्य ठान्दछु।

*(लेखक कृष्ण पाउरोटी भण्डारका अध्यक्ष हुनुहुन्छ)*

# नारी

सन्जु ओली



म पनि अरु जस्तै हाँस्न सक्नु नि है
म पनि जतातातै नाच्न सक्छु नि है।
ए चरी सुन न। म पनि तिमीजस्तै उड्न सक्छु नि है
तिम्रोजस्तै सुरिलो स्वरमा गीत गाउन सक्छु नि है..
सधैं चुलोचौका मात्र गर्नुपर्ने
सुन न, म पनि सगरमाथा चढ्न सक्छु नि है ॥
अवसर दिएर त हेर्नोस् महाशय..
म पनि प्रधानमन्त्री बन्न सक्छु नि है।
सधैं गफले मक्ख पर्ने हैन
व्यवहारमा पनि उतार्न सक्छु नि है।
एक कदम मात्र अघि बढ्न दिनुस् नेताज्यू
म पनि देश चलाउन सक्छु नि है...

स्वास्थ्य

# घ्यू कुमारी : १६ भन्दा बढी औषधीको काम



आँखाको रोगमा घ्यू कुमारीको गुदीमा राम्रो बेसार फिटेर मनतातो पारी आखाँमा राती सुत्ने बेलामा बाँध्नाले आँखाको सम्पूर्ण रोग निको हुन्छ।

कानको रोगमा घ्यू कुमारीको गुदी मनतातो पारेर २३ थोपा दाहिने कान दुखोमा देब्रे कानमा र देब्रे कान दुखेमा दाहिन कानमा हाल्ने र दुबै दुखेमा दुबैमा हाल्नाले ठीक हुन्छ।मस्तिष्कको रोगमा नित्य १ चम्चा घ्यू कुमारी खाने र तालुमा लगाउने गरेमा टाउको पोल्ने, पित्त विकार आदि ठिक हुन्छ र मस्तिष्क ठण्डा हुन्छ।

पुरानो ज्वरोमा घ्यू कुमारीको जरा १ चम्चा तातो पानीसँग खानाले जीर्ण ज्वरो पनि निको भएर आउँछ। यसो गर्दा वमन भएमा डराउनु पर्दैन पित्त निस्केर जान्छ। जण्डीस, कमलपित्त भएमा बिहान बेलुका ११ चम्चा घ्यू कुमारी सेवन गर्ने गरेमा आँखा, शरीर पहेलो भएको हट्दै जान्छ र निको हुन्छ।

यौवनवान बनिरहन २ चम्चा घ्यू कुमारीको गुदी बिहान् बेलुका खाने गर्नाले कुनै रागले छुदैन, दाँत बलियो हुन्छ, स्वर सुरिलो हुन्छ, कपाल कालो हुन्छ, शरीरमा सँधै बल प्रदान गरिरहन्छ।

कुनै पनि विषमा घ्यू कुमारीको रस वा गुदी नित्य सेवन गर्नाले सम्पूर्ण शरिरको विष नाश हुन्छ, बल तागत प्रदान गर्छ। यसलाई मालिसको रुपमा शरिरमा लगाउनाले पनि प्रशस्त फाईदा हुन्छन। टाउको दुखेमा घ्यू कुमारीको लेदो मनतातो पारेर कञ्चटमा लगाउनाले वातज, पितज टाउको दुख्ने ठीक हुन्छ।

पेटमा गाँठो देखिएमा घ्यू कुमारी तताएर पेटमा गाँठो भएको ठाँउमा बाँध्नाले गाँठो ठीक हुँदै जानेछ। बच्चालाई कब्जिएत भएमा घ्यू कुमारीको लेदो र साबुनको गाज फिटेर नाइटोमा वरिपरि लगाउनाले दिसा लागेको निको हुन्छ।

वाथ भएमा घ्यू कुमारीको गुदी नित्य बिहानरबेलुका एकरएक चम्चा खाने गरेमा वाथरोग ठीक हुन्छ। घ्यू कुमारीको गुदी नित्य बिहानरबेलुका एकरएक चम्चा खाने गरेमा वाथरोग ठीक हुन्छ। मर्केको, चोट लागेको र सुनिएकोमा घ्यू कुमारीको गुदीमा बेसार मिसाउने र तताएर बाँधिदिएमा छिटै दुख्न कम हुन्छ, चोट पनि ठिक हुन्छ।

मर्केको, चोट लागेको र सुनिएकोमा घ्यू कुमारीको गुदीमा बेसार मिसाउने र तताएर बाँधिदिएमा छिटै दुख्न कम हुन्छ, चोट पनि ठिक हुन्छ। दाद आएमा घ्यू कुमारी, लसुनमा पिनेर लेप लगाउने गरेमा दाद आएको ठिक हुन्छ।

# लिटल ब्वाय र फ्याटमेन विस्फोट भएको त्यो दिन



**विष्णु भट्टराई**

In order to keep the sovereignty and dignity of the nation and to reunify the country in accordance with the will and interests of the nation, we must reject flunkeyism and dependence on foreign forces and resolutely fight against the aggression and interference of foreign forces. We will never allow any attempt to realize an aggressive and dominationist ambition through interference in our country's reunification. We must struggle more strongly for the country's reunification upholding the banner of national independence and thus achieve the complete independence and sovereignty of the country and the nation.

In order to reunify the country independently, we must build up the force of our own nation. The great unity of the entire nation is the decisive guarantee for the independent and peaceful reunification of the country. Our nation is directly responsible for national reunification, and no one can take our place in the struggle to reunify our country. Only when the entire nation is united firmly under the banner of great national unity and strengthens the driving force of national reunification can we defeat the attempts of the divisive forces at home and abroad to oppose reunification and accomplish the cause of the country's reunification. In order to achieve great national unity we should put the common interests of the nation above all else, relegating the differences in thoughts, ideas and systems to the background, and hold fast to the principle of uniting on this basis. The country's reunification is not a matter of settling any class contradictions within our nation or antagonism between social systems; it is the national cause of establishing the nation's sovereignty all over the country. No class or stratum can exist outside the nation and no independence for the members of the nation can be ensured without the independence of the nation. Today when reunifying the country is the supreme task of the nation, no class or stratum should place their interests above the common national interests. No matter how great the difference in ideologies and systems existing in the north and south may be, it cannot be greater than our national community which has been formed and consolidated and developed over a long period of history. When the north and the south put the national community and the common national interests to the fore and desire the country's reunification, they can achieve the great unity of the entire nation transcending differences in ideologies and systems.

Love for the country and the nation is the common ideological feeling of all members of the nation and the ideological basis of national unity. To love ardently the country and the nation and value most the national dignity are our nation's proud tradition and the national characteristics. Anyone who has the blood and soul of the Korean nation must treasure and preserve the admirable national character of the Korean people. Today the true value and worth of life for the Koreans lies in linking their destiny with the destiny of the nation and devoting themselves heart and soul to the noble cause of the country's reunification and independence and the prosperity of the nation. Everyone who loves the country and the nation and is concerned over their destiny whether he or she lives in the north, in the south or abroad, must unite firmly under the banner of national reunification, regardless of the differences in ideologies and ideas, religious belief and political views, class and stratum.

We maintain that the north and the south join their efforts to promote co-existence, co-prosperity and common interests and achieve the great cause of the country's reunification transcending the differences in ideologies and social systems. We will join hands with those who take the road of national reunification with national conscience, regardless of their ideas and religious beliefs, and whether they are capitalists, army generals or high authorities. Even those who have committed crimes against the nation in the past, if they repent of their mistakes and come round to the side of the nation, we will let them start with a clean slate, treat them with generosity and unite with them.

Our Party's line and policy for great national unity constitute all-embracing politics based on love for the country, nation and people. Our consistent policy is to pursue all-embracing politics invariably in the whole process of the struggle for the reunification, independence, and prosperity of the country. The line of great national unity which fully embodies the idea of love for the country, nation and people has fully demonstrated its validity and vitality in the long-drawn-out struggle for the restoration of the fatherland, for the building of a new society and for national reunification. We will respect the ideologies, ideas and religions of all parties, organizations and people that aspire after patriotism and turn out for the cause of reunification, and unite with them, thereby fulfiling our duty and remaining loyal to the nation.Reunifying the country in a peaceful way without recourse to the armed forces is our principled position and the consistent line of our Party.

There is no reason why we fellow countrymen should fight among ourselves on the question of national reunification. The difference in thoughts and systems existing in the north and the south is not a ground for the use of armed forces. One cannot accept any idea and system under coercion and the difference in ideologies and systems between the north and the south cannot be abolished by a coercive method. If the north and the south fight against each other, our nation will suffer the ravages of war and the imperialists will profit from it. The peaceful reunification of Korea is not only the desire of our nation but also the aspiration of the peace-loving people of the world. Everyone who loves the country and nation and values peace must exert all his or her efforts for the peaceful reunification of the country.

In order to ensure peace in the Korean peninsula and achieve the peaceful reunification of the country we must oppose the moves towards aggression and war and eliminate the danger of war.

Without the struggle against the moves towards aggression and war, it would be impossible to ensure peace and think of peaceful reunification. At present, the manoeuvres of the United States and the south Korean rulers against socialism and our Republic have aggravated the tension and created the danger of war breaking out in the Korean peninsula any minute.

The question of easing the tension and removing the danger of war in our country can be settled, before all else, when the United States gives up its hostile policy against our Republic and a peace treaty is concluded between the DPRK and the US. Our Republic and the United States are still in the state of temporary armistice and the danger of war has not been dispelled from our country. In order to remove the danger of war and ensure peace, a peace treaty must be concluded between us and the United States and a new peace-keeping mechanism must be established. In addition, it is imperative to reaffirm the nonaggression agreement between the north and the south already published to the world and implement it thoroughly.

Although the United States clamours about the "end of cold war" and "easing of the tension", she is invariably resorting to the "power politics", threatening us with ceaseless military exercises and aggressive manoeuvres and instigating the south Korean rulers to war provocation. Trying to bring us to our knees by military threat or pressure is a foolish attempt and a dangerous act.

We will defend our socialism firmly and never tolerate anyone to infringe upon the sovereignty and dignity of our nation. Strengthening the revolutionary armed forces to defend the security of the country and people against the moves of the imperialists and the south Korean rulers to provoke war is a natural step to self-defence. The imperialist war-maniacs should refrain from attempting to test our military power by means of their armed forces or to frighten or bring our people to their knees by military threat and provocations. Such a reckless act will be a dangerous adventure which may end in a terrible catastrophe. We never want war; we are making consistent efforts to reunify the country peacefully.

The most reasonable way to settle the question of Korean reunification smoothly is to reunify the country based on federation.

Our nation wants to reunify the country as soon as possible in a reasonable way acceptable to everyone. Over half a century has passed since the different systems were established in the north and the south. If, in these circumstances, one side tries to reunify the country under its system, it will further aggravate the state of division, let alone reunification, and end in an irretrievable national disaster.

In view of the urgent requirement of our nation and the situation in the country, the best way to reunify the country as soon as possible is to establish a unified nation-state of federation based on one nation, one state, two systems and two governments.

Reunification through federation is a fair and rational way for reunification which does not attach weight to the advantages or interests of only one side or harm any side. Federal reunification will also contribute to removing the danger of war always hanging over the Korean peninsula and ensuring peace and security of the world. If the country is reunified by federation, our nation will establish sovereignty throughout the country and achieve great unity as one nation; our country will become a unified nation-state, independent, peace-loving and neutral. The reunified federal state will not infringe upon the interests of neighbouring countries and threaten them.

We will advance dynamically along the road of national reunification under the banner of the three charters of national reunification set forth by the great leader Comrade Kim Il Sung without the slightest vacillation in any difficulty and trial.

**3.** Improving the relations between the north and the south is an urgent requirement for achieving the independent and peaceful reunification of the country.

Only when the relations between the north and the south are converted from the relations of distrust and confrontation into those of trust and reconciliation, can the country be reunified independently and peacefully by the united efforts of the whole nation.

The trend of national reunification is now mounting unprecedentedly, but the relations between the north and the south are more strained and acute than ever before. The present south Korean authorities who do not care a straw about the destiny of the nation and national reunification are trying to find a way out by aggravating tension and confrontation between the north and the south, being afraid of their power foothold being shaken to its roots; they have pushed north-south relations into a critical state and are unprecedentedly intensifying warmongering manoeuvres against the north in collusion with foreign forces. Since the appearance of the present "regime" in south Korea, confrontation has been aggravated between the north and the south instead of reconciliation, and the danger of war increased instead of peace. Having thrown the north-south relations into the worst state is an indelible anti-reunification crime and a treachery to the country and nation committed by the present south Korean authorities.

In order to improve the relations between the north and the south and effect a change towards national reunification, the south Korean authorities, before anything else, should desist from depending on foreign forces and "cooperating" with them, oppose and reject them by uniting efforts with their fellow countrymen from the stand of national independence.

National independence or dependence on foreign forces is a touchstone which distinguishes reunification from division, patriotism from treachery. If anyone takes the road of "cooperating" with foreign forces by depending on them, turning his back on the nation and shutting his eyes to the nation's own force, he will be forsaken by the nation and punished by history. Only when the south Korean authorities take the stand of national independence and patriotism, will the relations between the north and the south develop into the relations of trust and reconciliation and a breakthrough be made for national reunification. The south Korean authorities must change their policy and take the stand of national independence which values and depends on the nation; they must adopt a policy of shaping the destiny of the country and the nation by joining efforts with their fellow countrymen.

Removing the political confrontation between the north and the south is a prerequisite for improving the relations between the north and the south. Only when it is removed, can the military confrontation be eliminated and further, national reconciliation and unity be realized.

The south Korean authorities must have a true sense of national fellowship, change their hostile anti-north confrontation policy into reconciliation policy of alliance with the north; they must refrain from creating misunderstanding and distrust between the north and the south and hampering national reconciliation and unity.

Military confrontation, in addition to political confrontation, must be removed to ease tension.

The military confrontation between north and south gives rise to distrust and misunderstanding between fellow countrymen and makes it impossible to trust and reconcile each other; it will also aggravate tension and lead to national calamity. Without removing military confrontation is it impossible either to improve the north-south relations or to expect peace in the Korean peninsula and peaceful reunification.

In south Korea, at present, they are clamouring about fictitious "threat to invade the south". However, it is not the "threat to invade the south" but the threat to invade the north that really exists in our country. Were it not for the threat to invade the north, the military confrontation between north and south would be removed. The south Korean authorities must abandon their dangerous war policy and ease tension. In south Korea they must stop arms build-up and the import of weapons from abroad, discontinue the joint military exercises with the foreign armed forces and refrain from committing reckless military provocations.

In order to remove the confrontation between north and south and promote national reconciliation and unity, the social and political life in south Korea must be democratized. Whoever comes into power, as long as the fascist rule continues in south Korea, it will be impossible to remove the confrontation between north and south or to think of free discussion and activity for national reunification by political parties, groups and people from all walks of life in south Korea. Worse still, as long as the wicked law against the nation and reunification, like the "National Security Law" which defines the same race as the enemy, regards it as criminal to have a contact and exchange among the people and public figures from various circles in the north and the south and suppresses the patriotic forces for reunification, exists in south Korea, national reconciliation, unity and the contact and exchange between north and south will never be realized. The tortuous history of the national reunification movement which started with the division of the nation shows that as long as the "National Security Law" exists in south Korea, no progress will be made in the north-south relations.

Today the reality in which the patriotic forces of reunification and democracy are being suppressed by the "National Security Law" in south Korea and the north-south relations are in the worst state requires democratization as an imperative task. The "National Security Law" which distresses the south Korean people and causes harm to all the nation must be abolished, and political freedom and democratic rights, such as the freedom of discussion and activity of political parties, groups and strata for national reunification must be guaranteed in south Korea. '• These problems must be solved to improve the north-south relations and open a new phase for national reunification.

If the south Korean authorities give up the present anti-national and anti-reunification confrontation policy and make positive change in practice to live up to the expectation of the entire nation, we will meet them at any time to negotiate with an open heart about the destiny of the nation and make joint efforts for the country's reunification. We will watch their attitude and actions.

In order to find a correct solution to the Korean question, the countries concerned must play a positive role with a sincere attitude of helping Korea's reunification. They must respect the sovereignty and the reunification will of our nation and closely cooperate to facilitate our nation's effort to reunify the country independently and peacefully.

The United States, a party who is directly responsible for the Korean question, must sincerely implement her signed commitment and duty. She must radically change her anachronistic policy towards Korea and refrain from interfering with the independent and peaceful reunification of Korea. We have no intention to regard the United States as our sworn enemy for hundreds of years; we hope to normalize the Korea-US relationship. The Korea-US relations will be developed in the interests of the peoples of the two countries if the United States rids herself of the outdated idea of the cold-war age, desists from approaching the Korean question with power politics and facilitates the peace and reunification of the Korean peninsula.

Japan, which imposed immeasurable misfortune and disaster upon our people in the past, must sincerely reflect upon her past, give up her hostile policy towards our Republic and stop instigating the division of Korea and hindering her reunification. Then we will take a friendly approach to Japan, our neighbour, and the abnormal relations between Korea and Japan will be improved.

The future of our people's struggle for the country's reunification is not smooth, but the reunification of our country, the cherished desire of our nation, will be achieved without fail.

When Korea is reunified, our country will make its appearance on the world arena with great dignity as a rich and powerful, independent and sovereign state with a 70 million population, and our nation will exalt its pride of being a resourceful, dignified and great nation.

We must unfold a nationwide struggle to carry out the great leader Comrade Kim IlSung's instructions for reunification and thus hasten the historic day when our 70 million compatriots will live happily in the unified country.

## नयाँ युगमा...

सन् २030 सम्ममा दश हजार डलर पु्र्याउने हो भने पूर्वाधार विकास चुलिँदो व्यापारघाटामा सुधार, ऊर्जा, पर्यटन र प्रविधि, वैदेशिक लगानी लगायतमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ। यसका लागि चीनजस्तो सहयोगी मित्रको साथ आवश्यक छ।

वर्षौंदेखि कछुवा गतिमा रहेको पूर्व पश्चिम रेलमार्ग, काठमाडौं जस्ता परियोजनाले प्राथमिकता पाउनुपर्छ। यस अतिरिक्त विकासको प्रारम्भिक चरणमा प्रसारण लाइन तथा विद्युत् परियोजना र सञ्चार आदिमा केन्द्रित परियोजनालाई अघि बढाइनुपर्छ। भएको सानो पुँजीलाई भ्युटावर, सांसाद मुख्यमन्त्रीको नयाँ निवास निर्माढा आदिमा खर्च भइरहेको छ। यसले अर्थतन्त्रको विकासमा प्रत्यक्ष विकास पार्दैन। श्रीलंका पाकिस्तानको उदाहरण दिएर चीनसँग ऋण लिन सतर्क हुनुपर्ने चर्चा पनि चलाइएको छ। नेपालले कस्ता परियोजनाका लागि चीनसँग ऋण लिन्छ भन्ने कुरा मुख्य हो। उत्पादनको मुख्य साधनहरूमा केन्द्रित लगानीका लागि जति ऋण लिए पनि फरक पर्दैन। जोखिम नलिई देशले फड्को मार्दैन। दक्षिण कोरियाले सन् १९५३ पछाडि अमेरिका जापान र युरोपेली मुलुकहरूबाट ऋण र अनुदान गरी अर्बौं रकम पूर्वाधारमा लगानी गरेको थियो। सन् १९५३ देखि १९७४ का बीचमा अमेरिकाबाट मात्र ८ सय मिलियन डलर ऋण र अनुदान लिएको थियो। दक्षिण कोरियाले विकासको मञ्जिल चुमिसकेको छ।

नेपालको अहिलेको अर्को महत्वपूर्ण चुनौती भनेको चुलिँदो व्यापारघाटा कम गर्ने हो। यसका मुख्य दुई उपाय छन्। एउटा निर्यात व्यापारमा व्यापक सुधार गर्ने अर्को आन्तरिक उत्पादनमा तीव्रता विस्तार गरी निर्यात प्रतिस्थापन गर्ने। भूपरिवेष्ठित देशहरू कसैले पनि निर्यात व्यापारमा उल्लेख्य प्रगति गर्न सकेका छैनन्। चीन र भारत दुवै छिमेकी देशहरूसँग नेपालले घाटाको व्यापार गरिरहेको छ। भारतसँगको व्यापारघाटा त अत्तेसलाग्दो नै छ। उसले नेपालको सामान्य निर्यातमा समेत अवरोध पु्र्याउँदै आएको छ। बंगलादेशसम्म ऊर्जाको निर्यात गर्न भारतको आनाकानी उदाहरण मात्र हो। त्यसैले ऊर्जा र प्रसारण लाइनमा चिनियाँ सहकार्य खोज्नुको विकल्प छैन। आन्तरिक उत्पादन वृद्धिबिना व्यापारघाटा कम गर्न सकिँदैन। उत्पादनमूलक उद्योगधन्दा स्थापना नहुनु र भएका पनि विदेशी उच्च प्रविधिमा उत्पादित वस्तुसँग प्रतिस्पर्धा गर्न नसकी विस्तारै बन्द हुँदै गएका छन्। यसको निराकरणको उपाय चिनियाँ मोडल नै हो। चीनले आफ्ना उत्पादनहरूको लागनलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन र उच्च प्रविधि प्रयोगलाई प्रबर्द्धन गर्न स्वदेशी उद्योग व्यवसायलाई अर्बौं डलर अनुदान दिएको छ। यसलाई अमेरिकाले संरक्षणवाद भनेर विरोध गरिरहेको छ। अहिलेको चीन, अमेरिका व्यापार युद्धको चुरो पनि यही नै हो। व्यापारघाटामा सुधार ल्याउन र आन्तरिक उत्पादन बढाउन चिनियाँ लगानी भित्र्याउने प्रयत्न नगरिए नेपाल भारतीय परनिर्भरताबाट उम्कन सक्दैन। पर्यटन क्षेत्रबाट गार्हस्थ्य उत्पादनमा उल्लेख्य योगदान हुने भएकाले पर्यटन क्षेत्रका परियोजनाहरू लुम्बिनी गुरुयोजना, पशुपति, सगरमाथा लगयतमा चिनियाँ लगानी विस्तारका लागि नेपालको पहल त्यत्तिकै आवश्यक छ। चिनियाँ पुँजीलाई प्रत्यक्ष वैदेशिक लगानी वा सहुलियतपूर्ण ऋण तथा अनुदानका रुपमा भित्र्याउन सकेमा सरकारको नारा, 'समृद्ध नेपाल सुखी नेपाली' सार्थक हुनेछ।

भूरणनीतिक प्रतिस्पर्धाको सिकार हुनबाट जोगिँदै नेपालले चिनियाँ लगानी र सहयोगको माध्यमबाट विकासको लक्ष्यलाई पूरा गर्न सक्ने प्रशस्त सम्भावना छन्। चिनियाँ राष्ट्रपति सी जिन पिङद्वारा सन् २०१३ मा प्रस्तावित परियोजना बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) मा नेपाल सामेल भइसकेको छ। सडक सञ्जाल र रेलमार्फत मध्य एसिया, रुस, युरोप, दक्षिण एसिया र दक्षिणपूर्वी एसिया, हिन्द महासागर तथा समुद्री मार्गबाट अफ्रिकासम्म जोड्ने यसको लक्ष्य छ। नेपालले प्रस्ताव गरेको ट्रान्स हिमालय कनेक्टिभिटी र रेल वे कनेक्टिभिटी बीआरआइसँग जोडिएसँगै व्यावहारिक र व्यापारिक हिसाबले चीनसँग नजिक भएको छ। बीआरआईलाई असफल पार्न अमेरिकाले एमसीसीको पासो फालिरहेको छ। इपिएस र बीआरआई दुवै नाउमा खुट्टा हाल्ने भूल नेपालले गर्न हुन्न।

विश्वको चौथो ठूलो देश र दोस्रो ठूलो अर्थतन्त्र चीनको भूगोल, जनसंख्या र कुल गार्हस्थ्य उत्पादनको तुलनामा नेपाल क्रमशः ६५, ४८ र ५०० गुणाको हाराहारीमा सानो छ। बेइजिङबाट हेर्दा नेपाल सानो देखिएला तर तिब्बतको आँखाबाट नेपाल हेर्ने हो भने नेपालको महत्वको उत्साहप्रद चित्र देखिन्छ। नेपाल तिब्बतको सबभन्दा ठूलो निर्यात बजार हो। सन् २०१८ मा तिब्बतको कुल वैदेशिक व्यापारको आधाभन्दा बढी हिस्सा नेपालले ओगटेको थियो। सन् २०१९ मा तिब्बतको कुल निर्यातको ९९.८ प्रतिशत निर्यातको गन्तव्य नै नेपाल रह्यो। हाल ३४ लाख जनसंख्या रहेको तिब्बतका लागि तीन करोड जनसंख्या भएको नेपाल झन्डै दश गुणा बजार हुने भएकाले तिब्बतको समृद्धिको यात्रामा नेपाल सधैं महत्वपूर्ण साझेदार गरिरहने देखिन्छ।

भूपरिवेष्ठित नेपालको उत्तरतिरबाट विश्वसँग जोडिने प्रयास र भूपरिवेष्ठित तिब्बतको दक्षिणतिरबाट विश्वसँग जोडिने प्रयासले नेपाल चीन सम्बन्ध नयाँ युगमा प्रवेश गर्दैछ। हाल तिब्बतमा रहेका चार ठूला बन्दरगाहमध्ये तीन नेपालकै लागि खुला छन्। १.४१४ किमी लामो सिमाना र २० हजार बढी तिब्बतीहरू रहेका कारण नेपाल बेइजिङको सुरक्षा राडरभित्र पर्छ नै। नेपालले एक चीन नीतिलाई दृढतासाथ अँगाल्दै आएको छ। आधा शताब्दीदेखि चीनले कोदारीलाई काठमाडौंसँग जोडेको छ। पछि केरुङ काठमाडौं सम्पर्क थपिएको छ। अब चिनियाँ रेल नेपालमा ल्याउन चीन लागिपरेकाले नेपालको भारत निर्भरता समाप्त हुने निश्चित छ।

## भारतले...

त्यसमध्ये ३७ दशमलव २ प्रतिशत भारतमा थिए। त्यो भनेको ७ लाख १४ हजार हो। पछिल्लो समयमा कमका लागि भारत जाने क्रम घटेको तथा तेस्रो मुलुक जाने क्रम बढेको कारण पनि भारतमा नेपालीको संख्या त्यसभन्दा बढी नभएको अनुमान छ। भारतीय सेनामा मात्रै ३२ हजार नेपाली भएको भारतीय विदेह मन्त्रालयको तथ्यांक छ।

भारतमा गएको रेमिट्यान्सका आधारमा नेपालीभन्दा नेपालमा भारतीय चारगुणा धेरै छन्। भारतमा सात लाख १४ हजार नेपाली रहेको तथ्यका आधारमा नेपालमा २६ लाख बढी भारतीय भएको अनुमान छ। विश्व बैंकका अनुसार सन् २०१७ मा नेपालबाट भारतमा तीन अर्ब एक करोड ६० लाख अमेरिकी डलर रेमिट्यान्स गएको थियो। भारतले रेमिट्यान्स पाउने देशहरूको सूचीमा नेपाल आठौं स्थानमा छ। यस हिसाबले सन् २०१९ मा नेपालबाट भारतमा तीन अर्ब ९१ करोड ९५ लाख रेमिट्यान्स गएको अर्थशास्त्रीहरूको अनुमान छ। यो हिसाबले सन् २०१९ मा ४ खर्ब ७० अर्ब ३५ करोड रुपैयाँ भारत गएको देखिन्छ। तर आव २०७५।७६ मा भारतबाट नेपालमा जम्मा एक खर्ब २८ अर्ब रुपैयाँ मात्र रेमिट्यान्स भित्रिएको नेपाल राष्ट्र बैंकको तथ्यांक छ।

## नेपालीको...

कुल ऋणलाई जनसंख्यासँग तुलना गर्दा प्रत्येक नेपालीको भागमा ४२ हजार ६ सय रुपैयाँ सरकारी ऋण पुगेको छ। तर यस्तो ऋण जनता आफैंले भने तिर्नु पर्दैन। सरकारले हरेक वर्ष बजेटमै व्यवस्था गरेर ऋणको सावाँ ब्याज भुक्तानी गर्ने गर्छ।

असार ०७६ सम्ममा सरकारको तिर्न बाँकी कुल ऋण १० खर्ब ४७ अर्ब ९० करोड रुपैयाँ रहेको थियो। असार २०७७ सम्म आइपुग्दा तिर्न बाँकी ऋणभार २ खर्ब ३३ अर्ब १० करोडले बढेको हो। सरकारले खर्च गर्न सक्ने क्षमता बढाउन सकेको छैन भने ऋणको उपयोग उचित ढंगबाट हुन सकेको छैन। नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ३७ खर्ब ६७ अर्ब ४ करोड रुपैयाँ बराबर पुग्ने केन्द्रीय तथ्यांक विभागको अनुमान छ। जसअनुसार नेपालको कुल ऋण जिडिपीको ३४ प्रतिशत बराबर पुगेको छ। विश्व बैंकले गत आव २०७६।७७ मा नेपालको ऋण जिडीपीको ३८ देखि ४० प्रतिशत पुग्ने अनुमान गरेको छ।

## फुटको...

भनाइ राखे। 'विश्व अर्थतन्त्र, राजनीतिक प्रणाली, सोच्ने तरिकामा पनि परिवर्तनको बोध गरायो। अहिले पनि समस्या निम्त्याइरहेको छ तर त्यसको सामना गर्न तयार रहनुपर्छ। कम्युनिस्ट प्रगतिशीलहरू राम्रोभन्दा राम्रो परिस्थिति बनाउन लाग्ने हो तर खराबभन्दा खराब परिस्थितिका लागि पनि तयार बस्नुपर्छ। किनभने खराब परिस्थितिका लागि तयार भइएन भने परिस्थिति आइहाले अत्तालिएर डिप्रेसनमा जाने खतरा पैदा हुन्छ भन्नेतर्फ पनि सोच्नुपर्ने हुन्छ। प्रचण्डले आफ्नो समूहका नेता कार्यकर्ताहरूलाई मानसिक रुपले पार्टी विभाजनको सामना गर्न तयार रहन यसरी सुझाए।

वरिष्ठ नेता माधवकुमार नेपालले ओलीले विधानअनुसार पार्टी सञ्चालन नगरेको आरोप लगाउँदै भने- पार्टी विधिबाट सञ्चालन गर्नुपर्छ भन्ने उहाँ (ओली) मा कुनै सोच देखिएन, विधिलाई कागजमात्रै देख्नुभयो। जनसंगठन निकाय, विभागलाई पूर्णता दिन र एकताको कार्यभार पूरा गर्न नसकेको अवस्था छ। आफूखुसी मनपरी ढंगले अयोग्य र आफ्ना गुटका मानिसलाई गोजीबाट फुत्त निकालेर नियुक्ति दिएको देखिन्छ पार्टीभित्र योग्यको अभाव भएको देखाउन खोजिएको छ। भ्रष्टाचारीलाई कारबाही गर्नुको सट्टा प्रोत्साहन गरेको, भ्रष्ट र आसेपासेको संरक्षण गरेको, आफूसँत असहमत हुनेलाई शत्रुतापूर्ण व्यवहार गरेको आरोप पनि नेता नेपालले ओलीमाथि लगाए।

अर्का वरिष्ठ नेता झलनाथ खनालले ओली सुरुदेखि नै गुटमा रमाउने व्यक्ति भएकाले गुट संरचनालाई प्रश्रय दिइरहेको बताए। उनले ओलीको नेतृत्वमा मदन भण्डारी फाउन्डेसन निर्माण भएको बताउँदै फाउन्डेसनले राष्ट्रव्यापी जिल्ला जिल्लामा मात्र होइन, तलतल पालिका वडासम्म पनि कमिटी बनाएर गुटबन्दीलाई प्रश्रय दिएको टिप्पणी गरे।

पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले मार्क्सवादी लेनिनवादी विचार दृष्टिकोण र सिद्धान्तलाई लिएर पनि कि ट्रेडमार्कको रुपमा प्रयोग गर्ने भन्ने विवाद रहेको बताए। कोही पार्टीलाई ट्रेड मार्क बनाउन खोजिरहेका छन्, कोहीले कम्युनिस्ट पार्टीकै रुपमा अगाडि बढाउन चाहिरहेका छन्- उनले भने। प्रवक्ता श्रेष्ठले 'सरकार पार्टीको कि कुनै एक व्यक्तिको हो, पार्टीको मार्गनिर्देशनमा चल्नुपर्ने हो कि व्यक्तिलाई जे मन लाग्यो त्यही आधारमा चल्ने हो ? आधारभूत नीतिमा र राष्ट्रिय महत्वका निर्णयहरूमा पार्टीले सरकार चलाउने मान्यता रहिआएको छ तर अहिले पार्टी न त विधिमा चलाइएको छ न त सरकार पार्टीले तयार गरेको चुनावी घोषणापत्रका आधारमा सञ्चालन भएको छ। पार्टी विधि र विचारमा चलेन भने कम्युनिस्ट मूल्यमान्यता पूरै भ्रष्टीकरण हुन्छ अहिले त्यही दिशातर्फ उन्मुख छ भने।

एकता प्रक्रियादेखि अहिलेसम्म आइपुग्दा ओली र दाहालबीच सरकार सञ्चालन र पार्टी सञ्चालनको विषय उत्पन्न विवादमा कुरा मिल्न सकेको छैन। ओली सचिवालय बैठकमार्फत विवाद समाधान गर्ने पक्षमा छन्, भने दाहाल नेपाल समूह केन्द्रीय कमिटी बैठकबाट। ओलीले कोरोना कालमा २५ जनाभन्दा बढी भेला हुनु नहुनेमा केन्द्रीय कमिटीको बैठक माग गरेर स्वास्थ्य सतर्कमा साथीहरूले बेवास्ता गरेको भन्दै केन्द्रीय बैठक नबोलाउने संकेत गरिसकेका छन्। ओलीकै निर्देशनमा निर्वाचन आयोगमा एमाले पार्टी दर्ता गरिनु र दाहाल नेपालले छुट्टै पत्रकार सम्मेलन गर्नुले नेकपा सक्लो नरहने देखिँदैन।

## शान्ति तथा...

राणा शासकले हत्या गरेपछि राणा विरोधी आन्दोलनको जग उठिसकेको थियो। राणा शासनको संरक्षक रहेको ब्रिटिस उपनिवेशवादले भारत छोडेको तीन वर्ष भइसकेको थियो। भारतीय सत्ताको नेतृत्वमा जवाहरलाल नेहरू उदाएका थिए। देशभित्र प्रजातन्त्रको जनआवाज उठ्न थालेपछि राणाहरू आफूलाई असुरक्षित महसुस गर्न थालेका थिए। १ सय ८९ वर्ष लामो ब्रिटिस शासनको भारतमा अन्त्य हुनु र ब्रिटिस शासन विरोधी शक्ति भारतीय राष्ट्रिय कांग्रेस सत्तामा आउनु अनि चीनमा माओत्सेतुङको नेतृत्वमा जनवादी सत्ता निर्माण हुनुले राणाहरू सम्भाीवत जनआन्दोलनको भूतले तर्सिइरहमेका थिए। राणाहरूको सम्बन्ध चीनका च्याङकाइसेकसँग मात्र थिएन भायसराय माउन्ट वेटनसँग सम्बन्ध थियो नेहरूसँग थिएन। नेहरू भारतीय सत्तामा आएपछि उनले राणा शासनलाई अनुमोदन नगर्ने बताइसकेका थिए। उनले १ मार्च १९५० मा भारतका मुख्यमन्त्रीहरूलाई पत्र लेखी राणा शासनलाई मान्यता नदिने प्रस्ट पारिसकेका थिए। जब चीनले आफ्नो अभिन्न अंग भन्दै तिब्बतलाई नियन्त्रणमा लियो मोहन शमशेरले त्यस घटनालाई अशुभ संकेतको रुपमा लिए। अमेरिका र क्यानडाको भ्रमण गरेर भारत फर्किएका नेहरूले नेपाल भ्रमण गर्ने निधो गरे। यस्तो आशय उनले परराष्ट्र मामिलाका डाइरेक्टर विजय शमशेरसँग प्रकट गरेका थिए।

नेहरू नेपाल आउन खोज्दै गर्दा राणा प्रधानमन्त्री मोहनशमशेर नै पहिले (२००६ फागुन ७ गते) दिल्ली पुगे। रेल्वे स्टेसनमा नेहरू आफैं आएर मोहनशमशेरको स्वागत गरे र हैदरावाद हाउसमा उनलाई भारतको पाहुना बनाए। हैदरावाद हाउसमा नेहरू र मोहन शमशेरबीच डेढ घण्टासम्म वान टु वान वार्ता भयो। सन् १९५० को सन्धि त्यही गोप्य वार्ताले तय गरेको थियो। मोहनशमशेर काठमाडौं फर्किने बित्तिकै तत्कालीन भारतीय राजदूतले प्रस्तावित सन्धिको मस्यौदा थमाए। सन्धिको मस्यौदामाथि छलफल गर्न विजय शमशेरको नेतृत्वमा सरकार नरेन्द्रमणि आचार्य दीक्षित सरदार गुन्जमान सिंह र मिरसुब्बा भीमबहादुर पाँडे दिल्ली पुगे। भारततर्फबाट सेक्रेटरी गिर्जाशंकर बाजपेयी, विदेश सचिव केपिएस मेनन सहसचिव सुन्दर हकस र नेपालका लागि भारतीय राजदूत चन्देश्वरप्रसाद नारायण छलफलमा सहभागी भए।

भारतले मस्यौदा गरेको सन्धिको धारा २, ५, ६ र ७ मा नेपाली पक्षले सहमति जनाएन। धारा २ मा नेपाल र भारत दुवै सरकारले कुनै छिमेकीसँग गम्भीर खटपट या विवाद उत्पन्न भए एक अर्कालाई जानकारी दिने उल्लेख गरिएको थियो। धारा ५ मा हातहतियार विस्फोटक पदार्थ वा गोली गठ्ठा कलपुर्जा आदि भारतबाट या भारतीय भूभाग भएर आयात गर्न भारतको सहमति लिनुपर्नेछ भनी अन्य देशबाट ल्याउन बन्देज गरिएको थियो। धारा ६ मा औद्योगिक र आर्थिक विकासका मामिलामा एक अर्को देशका नागरिकलाई सहभागी हुन राष्ट्रिय व्यवहार प्रदान गर्ने उल्लेख थियो। धारा ७ मा एक अर्को देशका नागरिकलाई आआफ्नो भूभागमा बसोबास तथा सम्पत्तिको भोगचलन गर्ने, उद्योग र व्यापारिक कारोबारमा भाग लिने, डुलफिर गर्ने कुरामा समान आधारमा विशेषाधिकार प्रदान गर्ने उल्लेख थियो। भारतीय पक्षले नेपालको नेपालको चासो लेटर अफ एक्सचेन्जमा समेटिने बताए पनि नेपाली वार्ता टोली सहमत भएन। वार्ता टोली काठमाडौं फर्कियो र छलफलको विस्तृत विवरण मोहनशमशेरलाई दियो। तर मोहनशमशेरले हैदरावाद हाउसको नेहरू भेटमा सायद राणा शासन जोगाइराख्न भारतको साथ रहने आश्वासन पाएका थिए, उनले आफैंले सन्धिमा हस्ताक्षर गर्ने निर्णय लिए।

नेपाल र भारतबीच सन् १९५० जुलाई ३१ का दिन सिंहदरबार ग्यालरी बैठकमा शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर भयो। नेपालका तर्फबाट श्री ३ मोहनशमशेर र भारतका तर्फबाट नेपालका लागि भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहले हस्ताक्षर गरे। नेपालका तर्फबाट प्रधानमन्त्री र भारतका तर्फबाट राजदूतले हस्ताक्षर गर्नु समान हैसियत विपरीत थियो। शान्ति तथा मैत्री सन्धि युद्धरत राष्ट्रहरूले युद्ध अन्त्य गर्नका लागि गरिन्छ। तर नेपाल र भारतबीच कुनै युद्ध नै नभई शान्ति तथा मैत्री सन्धिका नाम दिइनु विडम्बनापूर्ण छ। भारतको अघि शीर्षासन गरेर राणा शासनलाई बरकरार राख्ने मोहनशमशेरको हर्कत सफल भएन। २००७ साल कात्तिक २१ गते राजा त्रिभुवन शीतलनिवासस्थित शरण परेर दिल्ली पुगे। दिल्लीमा भारतीय मध्यस्थतामा राजा, राणा र कांग्रेसबीच सम्झौता भएलगत्तै नेपालमा १०४ वर्ष लामो जहाँनिया निरंकुश राणा शासनको २००७ साल फागुन ७ गते अन्त्य भयो। मोहनशमशेरले शान्ति तथा मैत्री सन्धि गरेको एक वर्षपछि नेपालमा अपूर्ण प्रजातन्त्र स्थापना भयो। नेहरूकै आग्रहमा मोहनशमशेर नै दिल्ली सम्झौतापछि प्रधानमन्त्री बनाइए भने राणा विरोधी आन्दोलनका अगुवा बीपी कोइराला गृहमन्त्री भए।

सन् १९५० को सन्धिले नेपाललाई भूपरिवेष्ठितबाट भारतवेष्ठित बनायो। यही सन्धिदेखि भारतले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गुरु गर्‍यो। सन् १९६५ को नेपाल भारतबीचको हतियार खरिद सम्बन्धी पत्राचारले त नेपालको प्रतिरक्षालाई भारतनिर्भर बनाइदियो।

सन् १९५० को सन्धिको धारा १ मा भनिएको छ- नेपाल र भारत एक अर्काको पूर्ण प्रभुसत्ता, क्षेत्रीय अखण्डता र स्वतन्त्रताप्रति सम्मान गर्छ। तर व्यवहारमा भारतले नेपालको क्षेत्रीय अखण्डतामाथि धावा बोलिरहेको छ। कालापानी लिपिम्याधुरामा भारतीय सेनाले परेड खेलिरहेको छ। सुस्ता निल्न लागेको छ। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ८६ स्थानमा भारतले नेपाली भूमि अतिक्रमण गरेको छ। अन्तर्राष्ट्रिय नियम कानुनको धज्जी उडाउँदै सीमा क्षेत्रको दशगजा मिचेर बाँध र बाटो बनाइरहेको छ। भारत यही धारा १ लाई हटाएर नेपालको प्रभुसत्ता र स्वतन्त्रताको हनन गर्न खोज्दैछ। सन्धिको धारा ८ ले १९५० अघिका नेपाल ब्रिटेन भारतबीच भएका सन्धि सम्झौताहरूको अन्त्य गरेको छ। यसअनुसार सन् १८१६ को सुगौली सन्धि स्वतः खारेज हुन्छ र नेपालको राज्यसीमा पूर्व टिस्टा पश्चिम काँगडा कायम हुनैपर्छ।

## कसरी सल्कियो...

गम्भीर सामस्या आउने देखिन्छ। कोरोना संक्रमणकै कारण प्रहरीको बग्गीखानास्थित ट्राफिक महाशाखामा आइतबारदेखि सेवा बन्द गरिएको छ। महाशाखामा कार्यरत पाँच प्रहरीमा संक्रमण देखिएपछि महाशाखा प्रमुख भीम ढकालसहित ३१२ ट्राफिक प्रहरी क्यारेन्टाइनमा बसेका छन्।

यसैबीच सीमा क्षेत्रमा खटिएका सशस्त्र प्रहरीका पनि संक्रमण बढेको छ। झापा जिल्लामा ३३ जना र इलाममा ३० जनामा संक्रमण देखिएको छ भने मुलुकभर १ सय चालीस जना सशस्त्र प्रहरी संक्रमित भएका छन्। सशस्त्र प्रहरीले ठूलो संख्यामा परीक्षण गरेर नेगेटिभ रिपोर्ट आउनेलाई मात्र ड्युटीमा खटाउने भएको छ।

प्रहरी हेटक्वार्टरमा ठूलो संख्यामा संक्रमण फैलिएको विषयमा गम्भीर रुपले खोजबिन भइरहेको छ। लकडाउनको समयमा र लकडाउन खुलेपछि पनि विभिन्न थरी समूहले सडकमा आन्दोलन गरिरहेका छन्। भीड नियन्त्रणमा नियमित रुपमा खटिनुपरेकाले पनि प्रहरीमा संक्रमण फैलिएको हुन सक्ने आशंका गरिएको छ। आन्दोलनकारी र प्रहरीबीच हुने ठेलाठेल र सामाजिक दूरीको बेवास्ताले पनि संक्रमण फैलिएको हो। त्यत्रो ठूलो संख्यामा प्रहरी संक्रमित भएको हेर्दा काटठमाडौं उपत्यकाको समुदायमा कोरोना नराम्रोसँग फैलिएको हुन सक्छ।

## भारत-पाक...

गर्‍यो। पाकिस्तान र नेपाल दुवैले भारतले एकतर्फी रुपमा जारी गरेको नयाँ नक्साको विरोध गरे। नेपालले भारतद्वारा अतिक्रमित लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर आफ्नो नयाँ राजनीतिक र प्रशासनिक नक्सा जारी गर्‍यो र प्रचलनमा ल्यायो। पाकिस्तानले पनि अगस्ट ४ मा आफ्नो नयाँ राजनीतिक एवं प्रशासनिक नक्सा जारी गर्दै भारत अधिनस्थ कस्मिर लगायत गुजरातको जुनारगढलाई समेट्दै आफ्नो सम्प्रभूताको दाबी गरेको छ।

नयाँ नक्सा जारी गर्दै पाकिस्तानी प्रधानमन्त्री इमरान खानले अतिक्रमित कस्मिरलाई विवादास्पद क्षेत्रका रुपमा प्रस्ट रुपमा औंल्याइएको जनाउँदै यसको अन्तिम निर्णय संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को प्रस्तावअनुसार हुने जनाएका छन्। नयाँ नक्साअनुसार गत वर्ष अगस्ट ५ मा भारत सरकारले गरेको निर्णय गैरकानुनी भएको जनाइएको छ। उक्त निर्णयलाई पाकिस्तानको संघीय मन्त्रिपरिषद् तथा राजनीतिक नेतृत्वले स्वीकार गरेको समेत उल्लेख गरिएको छ। देशका नाममा गरेको सम्बोधनमा प्रधानमन्त्री खानले कस्मिर मुद्दा संयुक्त आत्मनिर्णयको अधिकारअनुसार टुंगो लगाउनुपर्ने बताएका छन्। विश्व समुदायले दिएको आत्मनिर्णयको अधिकार उनीहरूलाई अझै पनि दिएको छैन। हामी प्रस्ट रुपमा भन्न चाहन्छौं यो नै समाधान हो- उनले भनेका छन्। यसबारे पाकिस्तान सरकारले थप पहल गर्ने खानको भनाइ छ। हामी सैनिक समाधानमा विश्वास गर्दैनौं। हामी राजनीतिक संघर्ष गर्छौं, हामी राष्ट्रसंघलाई पुनः सम्झाउँछौं र भारतले कस्मिरी जनताप्रति गरेको वाचा पूरा नगरेको बारे बताउँछौं- उनको भनाइ छ।

यता भारतले नयाँ राजनीतिक नक्सालाई लिएर तीव्र आक्रोश व्यक्त गरेको छ। भारतीय विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै पाकिस्तानको नयाँ नक्सा जारी गर्ने कदमलाई मूर्खतापूर्ण भनेको छ। यो मूर्खतापूर्ण कदम हो। भारतीय राज्य गुजरात र जम्मु कस्मिर एवं लद्दाख लगायत केन्द्र शासित राज्यमा आफ्नो दाबी गर्नु बेबकुफी हो। यस्तो हास्यास्पद दाबीको न कानुनी वैधता छ न त यसले अन्तर्राष्ट्रिय वैधता नै पाउँछ। वास्तवमा यसले सीमापार आतंकवादलाई समर्थन गर्ने क्षेत्रीय आन्दोलनलाई साथ दिने पाकिस्तानको नियत पुष्टि गरेको छ। मन्त्रालयले भनेको छ।

नेपालले लिम्पियाधुरा समेटेर प्रचलनमा ल्याएको नयाँ राजनीतिक एवं प्रशासनिक नक्सालाई पनि भारतले अस्वीकार गर्दै आएको छ। भारतको नेपाल, पाकिस्तान र चीन तीनवटै देशसँग सीमा विवाद छ। चीनले केही दिनअघि लद्दाख सीमामा भारतीय सेनालाई काराबाही गरेपछि भारत पछि हटेको थियो। भारतको भौगोलिक विस्तारवादको सर्वत्र विरोध भइरहेको छ। कस्मिर भारतीय भूभाग होइन। कस्मिर इतिहासमा एक स्वतन्त्र तर कमजोर राज्य रहेको पाइन्छ। सन् १९४६ अक्टोबर २६ मा कस्मिरी हिन्दु राजा हरिसिंहले कस्मिर भारतमा गाभिने गरी विलय पत्रमा हस्ताक्षर गरेका थिए। १९४७ मा भारत र पाकिस्तानको विभाजन हुँदा मुस्लिम बहुल राज्य कस्मिर पाकिस्तानको हुनुपर्थ्यो। तर भारतले सैन्य बलद्वारा कस्मिमाथि कब्जा जमायो। अहिले कस्मिरलाई भारतले कैदखाना बनाएको छ। भारत पाक नक्सायुद्धले कस्मिर समस्याको हल भने हुने छैन।

## बिचौलिया...

चरित्र देखाएका छन्। आफू पछाडिका राजनीतिक उत्तराधिकारीका रुपमा विकास गर्दै लगिएका ईश्वर पोखरेलले सेनालाई अनियमित ढंगले औषधि खरिद गर्न दिएको २ अर्ब रुपैयाँ बालुवाटारमा पानी खन्याएजस्तो भएको छ। सेनाले ल्याएका कोरोना परीक्षण किट निकम्मा सावित भएका छन्। कोरोनाको नाममा १० अर्बभन्दा बढी रकम बेहिसाबसँग खर्च भएकोमा ओलीलाई कुनै चित्त दुखाइ छैन। बालुवाटार जग्गा प्रकरणमा प्रत्यक्ष संलग्नता देखिएका पार्टीका महासचिव विष्णु पौडेललाई गहुँत पानी छर्किएर चोख्याउनु ३३ किलो सुन प्रकरणका अपराधीहरू उम्काउनु जस्ता कुरा त प्रधानमन्त्रीलाई सामान्य लाग्न सक्छन्।

प्रधानमन्त्री ओलीले आफ्ना शाखा सन्तान नभए पनि बिचौलिया र सत्ताका दलालहरूलाई राम्रो ठाउँमा नियुक्ति दिने कामलाई निरन्तरता दिँदै आएका छन्। विगतमा थुप्रै राजनीतिक नियुक्तिहरू विवादमा पर्दै आएका छन् भने यसपटक ओलीले ठूला आयोजनाहरूको बिचौलियाका रुपमा बदनामीको चर्चा कमाएका सुशील भट्टलाई लगानी बोर्डको कार्यकारी प्रमुख नियुक्त गरेर बिचौलिया प्रेमको सक्कली नमुना प्रस्तुत गरेका छन्। सुशील भट्ट कुन हदसम्मका बदनाम व्यक्ति हुन् भन्ने कुरा चर्चित राष्ट्रिय दैनिकहरूले निरन्तर रुपमा दिइरहेका प्रमुख समाचार हेर्‍यो भने स्पष्ट हुन्छ।

यो मुलुकमा राम्रा मानिस नभएका होइनन्। तर राम्रा मानिस प्रधानमन्त्रीका कहिल्यै हाम्रा बन्न सकेनन्। उनले जहिल्यै पैसाा र भनसुनको भरमा अयोग्य मात्रहरूको खोजी गर्दै रहे। उनको क्याबिनेटदेखि लिएर उनले गरेका नियुक्ति ग्रहण गर्ने पात्रहरूको सक्कली छवि नियाल्ने हो भने ओलीको असहलियत अझ प्रस्ट भएर जान्छ। नाकाबन्दी र नक्सा सार्वजनिक गर्ने प्रकरणमा देखाएको उनको देशभक्तिमा महिनैपिच्छे मच्चिने काला कर्तुतको बादलले दिनानुदिन ढाकिरहेको छ।

## मेलम्चीहरू...

गोरखकाली रबर उद्योग, हेटौंडाको कपडा उद्योगहरू सबै कमिसनको भरमा कौडीको मूल्यमा बिकी गरिए। जसको फलस्वरुप हजारौंको रोजगार गुम्यो। त्यस्तै गरेर बहुदलीय व्यवस्था आएपछि नै सरकारी संस्थान तथा उद्योगहरूलाई राजनीतिक भर्तिकेन्द्र बनाएर सबै उद्योगहरू घाटामा पार्दै बन्द गरिए। उपत्यकामा प्रदूषणरहित आफ्नै विद्युत शक्तिबाट चिनियाँ सहयोगमा संचालन भइरहेको ट्रलिबस सरकारी बेवास्ताको कारणले बन्द गरियो। ती उद्योगहरू राम्रो नियतका साथ स्तरीय व्यवस्थापन गर्दै पुनः सञ्चालन गरिएमा अझै पनि लाखौं व्यक्तिहरूले रोजगारी पाउनेछन् र राम्रो राजस्व जम्मा हुनसक्नेछ। अहिले मेलेम्ची आयोजनालाई दुहुनो गाई बनाइएको छ। त्यहाँ जाने आयोजना प्रमुख, सचिव तथा मन्त्रीहरूको उद्देश्य योजना समयमा सम्पन्न गर्नु नभई विभिन्न बहानामा आयोजनाको अवधि बढाउँदै कमिसन जम्मा गर्नु नै मुख्य ध्येय देखिन्छ। मिनरल वाटर सप्लाई गर्ने साहू नै मेलेम्चीका प्रमुख बनाइएको कुरा समेत बाहिर आएको थियो। त्यस्ता व्यक्तिबाट कसरी समयमा आयोजना सम्पन्न हुनसक्छ ?

गत वर्ष नै मेलेम्ची सम्पन्न भएर उपत्यकाबासीले सफा पानी पिउन पाउने छन् भनेर खानेपानी मन्त्री बिना मगरले घोषण गरिन्। त्यसको केही समयपछि इटालियन ठेकेदारलाई भुक्तानी नदिएर भाग्न बाध्य पारियो। यही सिलसिलामा मन्त्री र सचिवबीच कमिसनको भागबन्डा नमिलेर झगडा परेको कुरा सञ्चार माध्यममा आए। त्यसपछि सचिवलाई अन्यत्र पोस्टिङ गरियो तर मन्त्रीलाई यथावत राखियो। किनकि उनी नेकपाका अध्यक्ष पुष्पकमल दाहालकी बुहारी थिइन्।

पछिल्लो अवस्थामा सुरुङमा परिक्षण गर्न छोडिएको पानी खोल्दा ढोका नै फुटेर बाढी आउँदा ४ जना मानिस बगाउँदा एक जना इन्जिनियरको बगेर मृत्यु भएको छ। यसमा लगाएको ढोका भित्रपट्टि खुल्नुपर्नेमा बाहिरपट्टि खोल्ने बनाइएको र नटबोल्टहरू पनि लुज भएकाले ढोका फुटेको कुरा बाहिर आएको छ। यस्ता कमजोरीहरू सबै कमिसन र भ्रष्टाचारको कारण भइरहन्छन्। तैपनि मन्त्रीलाई स्पस्टीकरण लिने र हटाउने आँट प्रधानमन्त्रीले गरेनन् किनकि पार्टीका अर्का अध्यक्ष प्रचण्डको दबाबले हुनसक्छ। जुन कुरा अहिले नेकपाभित्रको सत्ताको खिचातानीबाट पनि सबै कुरा छर्लंग देखिन्छ। नत्र बिना मगरलाई हटाएर सक्षम परिपक्क इमान्दार व्यक्तिलाई खानेपानी मन्त्रीको जिम्मा दिन किन सक्तैनन् प्रधानमन्त्री ?

हाम्रा प्रत्येक जनतालाई घरघरसम्म पिउने पानी पु्र्याउने काम होस्। त्यसपछि हाम्रो हिमालबाट आएको स्वच्छ कञ्चन पानी बोटलिङ गरी अरब देशहरूमा निर्यात गर्नुपर्छ। जसबाट अरबौंको आम्दानी गर्न सकिन्छ। हामीले पानी बेचेर मात्र पनि देशको रेमिट्यान्सको आम्दानी जतिको विदेशी रकम जम्मा गर्न सक्छौं। आज विदेशमा तेलभन्दा पानीको मूल्य बढी भएको छ। मानिसहरू तेल बिना बाँच्न सक्छन् तर पानी बिना बाँच्न सक्दैनन्।

अहिले नेपालका कतिपय ठूला होटलमा विदेशबाट आयत गरेको पानी मात्र पिउने गरिन्छ भन्ने सुन्नमा आएको छ। पानीका यति धेरै स्रोत भएको नेपालमा यो जस्तो बिडम्बना अरु के हुन सक्छ ?

पाँच वर्षको लागि जनताबाट म्यान्डेट पाएको केपी ओलीको सरकारका केही कमजोरी र जनताका चाहनाअनुसार कार्य नगरिरहँदा तथा पार्टीभित्रका केही सत्ताका लोभी र अवसरवादी नेताले प्रधानमन्त्रीबाट हटाउन दबाब दिइरहेका छन्। यो खाली भागबन्डा तथा आफू र आफ्ना आसेपासेलाई पद र पैसा वितरण गर्न नपाएर मात्र हो। यदि प्रधानमन्त्री केपी ओलीले जनताको मन जित्ने हो भने किसानका खेत बारीमा पानी पु्र्याउनु पर्छ। सबैले वैध मानिसकेको र औषधिको रुपमा उपयोग हुने गाँजा खेती नेपालमा पनि सुरु गरियोस्। जसको कारणबाट लाखौं किसानको हित हुने मात्र होइन, देशले अरबौंको डलरको आम्दानी गर्नेछ।

यसतर्फ केही सांसदहरू गम्भीर रुपमा लागिरहेका छन्। योजनाहरू ढिला सुस्ती गर्ने र समयमा सम्पन्न नगर्ने आयोजना प्रमुखहरूलाई हटाउने र भ्रष्टचारमा संलग्न हुनेलाई जनताले देखिने गरी कारबाही गर्न थालियोस्। यति कार्य गर्न साथै मन्त्रीमण्डलमा भएका अयोग्य र भ्रष्टहरूलाई हटाउँदै इमानदार सक्षम तथा सक्रिय व्यक्तिलाई शिघ्र मन्त्रीमण्डलमा लैजाने हो भने जनताको पूरा समर्थन प्रधानमन्त्रीलाई प्राप्त हुनेछ।